लेखापरीक्षण प्रतिवेदन

खप्तडछान्ना गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

खप्तडछान्ना गाउँपालिका, बझाङ

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/245

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
खप्तडछान्ना गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
बझाङ ।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.८ करोड ४३ लाख २९ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकासको रु.२ करोड ७७ लाख ३९ हजार र अन्य कार्यक्रमको रु.९ लाख ७० हजार समेत गरी रु.११ करोड ३० लाख ३९ हजार समावेश गरेको छैन।
२. गाँउपालिकाको रु.१ अर्व १२ करोड ३२ लाख १६ हजार लेखापरीक्षण गरिएकोमा रू.१ करोड ७८ लाख ९१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१२ हजार प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी रहेको बेरुजुमध्ये असुल गर्नुपर्ने रू.३२ लाख ६९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४० लाख ३५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ५ लाख ७४ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड ९४ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१५ करोड ७३ लाख २७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार

हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
६५	१११	१,७८,९०,८८६	०	२	११,९००	०	६५	१०९	१,७८,७८,९८६	३२,६९,५६९	१,०५,७४,०६७	४०,३५,३५०	०	०	१,४६,०९,४१७	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
बझाङ	१३९४४८०००	०	०	१३९४४८०००	०	१,७८,७८,९८६	१५७३२६९८६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४३	मापदण्डको पालनाः	११,९००
जम्मा				११,९००

(८०७७०५०३३०० - खप्तडछान्ना गाउँपालिका, बझाङ)

परिचय

१ **कार्यालय परिचय:**

(क) कार्यालय परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो। यो गाउँपालिका कुल जनसंख्या १५८९३ रहेको, क्षेत्रफल ११३.५२ वर्ग कि.मी. फैलिएको ७ वटा वडाहरुमा बिभाजन गरिएको र सभा सदस्या संख्या ३९ रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य रहेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०७ देखि २०८१।०५।११ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तरनिहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोवारको स्थितिः पालिकाको आय व्यय रू.१ अर्ब १२ करोड ३२ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

(ज) लेखापरीक्षणको क्रममा असुली - लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.३४२८३७। असुल भइ दाखिला प्रमाण पेश भएको छ।

क्र स	कार्यक्रमको नाम	विवरण	रकम रु
१	पाठ्यक्रम प्रवोधिकरण तथा श्रोत शिक्षकहरुलाई आईसिटी तालिम	कार्यक्रममा भएको खर्चको वीलभर्पाई भन्दा वढि भुक्तानी	७४४८०
२	EMIS तालिम	कार्यक्रममा भएको खर्चको वीलभर्पाई भन्दा वढि भुक्तानी	१७८७०
३	स्वरोजगार तथा गोठसुधार कार्यक्रम अनुगमन भत्ता	तोकिएभन्दा फरक ब्यक्तीलाई अनुगमन भत्ता भुक्तानी	२५१००
४	भ्रमण सुविधा	नपाउने दैनिक भ्रमण भत्ता र सुविधा	५००००
५	सामाजिक सुरक्षा	मृत्युभएका लाभग्राहीको बैंकमा रहेको रकम फिर्ता	१०५७००
६	आन्तरीक आय	आय दाखिला नगरेको तथा ढिला दाखिला गरेकोमा व्याज दाखिला	२८४३७
७	डोजर आय	डोजरको भाडा दाखिला	४१२५०
		जम्मा	३४२८३७

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण**

पालिकाको वित्तिय विवरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

२.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२)मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

म.ले.प.फा.नं.२७०-०१							
खप्तडछान्नागाउँपालिका							
गाउँ कार्यपालिकाकोकार्यालय, बझाङ							
कार्यालयको कोड :८०७७०५०३३००							
वित्तीय प्रतिवेदन							
म.ले.प.फा.नं. २७०-०१							
आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१							
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय)							
		नगद	तेस्रो पक्षभुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति						
११०००	कर	६,८१,००,६८५.८५	०	६,८१,००,६८५.८५	६,९५,४१,६९२.६१	०	६,९५,४१,६९२.६१
१३०००	अनुदान	३३,५०,६५,५९६.६४	०	३३,५०,६५,५९६.६४	३५,२४,५२,९५६.७४	०	३५,२४,५२,९५६.७४
१४०००	अन्यराजस्व	२,४७,५०६.९७	०	२,४७,५०६.९७	०	०	०
क	कुल जम्माप्राप्ति	४०,३४,१३,७८९.४६		४०,३४,१३,७८९.४६	४२,१९,९४,६४९.३५		४२,१९,९४,६४९.३५
३	चालु	३१,०८,३५,५४१.०८	०	३१,०८,३५,५४१.०८	३२,६६,८४,५९३.१०	०	३२,६६,८४,५९३.१०
२१०००	पारिश्रमिक / सुविधा	२०,६३,१३,३१०.४१	०	२०,६३,१३,३१०.४१	१९,९८,६९,१८९.४६	०	१९,९८,६९,१८९.४६
२२०००	मालसामानतथा सेवाको उपयोग	७,९१,८५,९२४.००	०	७,९१,८५,९२४.००	१०,८५,१२,४११.६४	०	१०,८५,१२,४११.६४
२५०००	सहायता (Subsidy)	३९,९१,३१०.००	०	३९,९१,३१०.००	४४,७८,२३८.००	०	४४,७८,२३८.००
२६०००	अनुदान	१,५३,४४,४१९.६७	०	१,५३,४४,४१९.६७	२३,७२,१४०.००	०	२३,७२,१४०.००
२७०००	सामाजिकसुरक्षा	३५,८८,७७४.००	०	३५,८८,७७४.००	९७,१५,३१४.००	०	९७,१५,३१४.००
२८०००	अन्य खर्च	२४,११,८०३.००	०	२४,११,८०३.००	१७,३७,३००.००	०	१७,३७,३००.००
४	पूंजीगत	९,४०,१७,	०	९,४०,१७,	११,७८,३५,	०	११,७८,३५,

		८५०.००		८५०.००	४२०.०५		४२०.०५
३१११०	भवन तथासंरचना	१,६०,५७, ८३१.००	०	१,६०,५७, ८३१.००	२,७४,५८, ७७७.००	०	२,७४,५८, ७७७.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१,७३,७८, ७५३.००	०	१,७३,७८, ७५३.००	५२,७७, ६७४.००	०	५२,७७, ६७४.००
३११३०	अन्यपूँजीगत खर्च	४७,९२, ०००.००	०	४७,९२, ०००.००	३६,११,८ ६३.००	०	३६,११, ८६३.००
३११५०	सार्वजनिकनिर्माण	५,५७,८९, २६६.००	०	५,५७,८९, २६६.००	८,१४,८७, १०६.०५	०	८,१४,८७, १०६.०५
ख)	कुल जम्माभुक्तानी	४०,४८,५३, ३९१.०८		४०,४८,५३, ३९१.०८	४४,४५,२०, ०१३.१५		४४,४५,२०, ०१३.१५
ग)	बचत /कमी(ग = क-ख)	(१४,३९, ६०१.६२)		(१४,३९, ६०१.६२)	(२,२५,२५, ३६३.८०)		(२,२५,२५, ३६३.८०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(१८,२९, ०४९.३६)		(१८,२९, ०४९.३६)	४६,६८, ५९२.१०		४६,६८, ५९२.१०
घ.१)	कट्टी रकमभुक्तानी/दाखिला गर्न बाकी	-१८,६५४.७०		-१८,६५४.७०			
ङ)	यस आ.ब.कोनगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(३२,६८, ६५०.९८)		(३२,६८, ६५०.९८)	(१,७८,५६, ७७१.७०)		(१,७८,५६, ७७१.७०)
च)	गत आ.व.कोनगद तथा बैंक मौज्दात	१,०४,२७, १०७.२९		१,०४,२७, १०७.२९	२,९५,८१, ७०५.४८		२,९५,८१, ७०५.४८
छ)	विनिमयनाफा/घाटा तथा अन्य समायोजन						
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	७१,५८, ४५६.३१		७१,५८, ४५६.३१	१,१७,२४, ९३३.७८		१,१७,२४, ९३३.७८

२.२ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा दुई विवरणमा निम्नानुसार फरक देहायअनुसार गत वर्षको जिम्मेवारी रू.९४३१५७।७८, यस वर्षको प्राप्ति रू.१३४४४८७४५।८०, यस वर्षको भुक्तानी रू.११२०६९३६२। र बैङ्क मौज्दात रू.९२८५०२।२० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१,१७,२४,९३३.७८	४०,३४,१३,७८९.४६	४०,४८,५३,३९१.०८	७१,५८,४५६.३१
एकीकृत आर्थिक विवरणअनुसार	१०७८१७३६	५३७८६२५३५।२६	५१६९२२७५३।०८	८०८६९५८।५१
फरक	९४३१५७।७८	१३४४४८७४५।८०	११२०६९३६२।	९२८५०२।२०

२.३

बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार रू.१००२८७९।९८ फरक परेको छ:

खाता तथा कोष	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तहसञ्चित कोष खाता	३४८६८५२।२७	३४८६८५२।२७	०
चालु खर्चखाता		०	०
पुँजीगत खर्चखाता		०	०
विविधखर्च खाता	०	९२४५२९।९८	९२४५२९।९८
विपद व्यवस्थापन खाता	०	७८३५०	७८३५०
धरौटी	३०२६३११।२४	३०२६३११।२४	०
ग१.१, आन्तरिक राजस्व खाता		०	
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
आन्तरीक अनुदान खाता	०	०	०
जम्मा	६५१२८६३।५१	७५१५७४३।४९	१००२८७९।९८

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.४ **कोष तर्फको जिम्मेवारी नसारेको** – अघिल्लो आर्थिक वर्षमा कोष खाताहरुमा रहेको मौज्दात पछिल्लो आर्थिक वर्षमा जिम्मेवारी सारेर मात्र अन्य आम्दानी र खर्चको लेखाङ्कन गर्नु पर्दछ। पालिकाको गत आर्थिक वर्षको विपद व्यवस्थापन कोष, विविध खर्च खातामा रहेको रकम आर्थिक बर्षको सुरुमा जिम्मेवारी नसारेको र आम्दानीको गोश्वारा भौचर उठाई आम्दानी नजनाएकोले बैंक नगदी किताव मौज्दात रकम नकारात्मक रहेकोले खाता मौज्दात र वैंक मौज्दात विचको फरक विश्लेषण गर्न सकिएन। कोष खाताहरुमा अघिल्लो वर्ष रहेको मौज्दात र आम्दानी जनाएर मात्र खर्च लेखाङ्कन गरिनु पर्दछ।

२.५ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु१८६५५। देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु...

प्रमाण पेश नगरेको	१८,६५५

२.६ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.८४३२९६६९, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू.२७७३९६९३।, र अन्य रू.९७००००।समेत गरी रू.११३०३९३६२। सुत्रमा लेखाङ्कन गरेको छैन जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.७

त्रैमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु हजारमा)

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	९४०१७	७६९५	३६७८	३१०५१	५१५९३	२००२४
प्रतिशत		८.१८	३.९१	३३.०३	५४.८८	२१.३०

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.९ करोड ४० लाख १७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.७६ लाख ९५ हजार (८.१८ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.३६ लाख ७८ हजार (३.९१ प्रतिशत) र तेस्रो त्रैमासिकमा रू.३ करोड १० लाख ५१ हजार (३३.०३ प्रतिशत) र चौथो त्रैमासिकमा रू.५ करोड १५ लाख ९३ हजार (५४.८८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रू.२ करोड २४ हजार (२१.३० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

२.८ **खर्च बिश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रू.६०९३४०। राजस्व बाँडफाँट र अनुदानबाट रू.४२३९४८८३२।६२ समेत रू.४२४५५८१७२।६२ आम्दानी भएकोमा चालु तर्फ रू.३१०८३५५४१।०८ र पूँजिगत तर्फ रू.९४०१७८५० समेत रू.४०४८५३३९१।०८ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१५ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रू.७३६५५००। खर्च भएको छ जुन आन्तरिक आयको १२०८.७७ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७६.७८ प्रतिशत चालु र २३.२२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

३ बजेट तथा कार्यक्रम

पालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

३.१ **राजश्व परामर्श** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले को राजश्व परामर्श समितिको बैठक २०८०।२।२९ मा वसे पनि राजश्वको श्रोतगत र क्षेत्रगत रुपमा प्राप्त गर्न सकिने आन्तरीक आयको प्रक्षेपण गरेको छैन। स्थानीय सरकार सञ्चालन ऐन बमोजिम राजश्व परामर्श समितिले राजश्वको श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आयको अनुमान गर्ने तथा समितिको नियमित बैठक बसी पालिकाको आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३.२ **श्रोत अनुमान समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्राक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका

कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ। पालिकाको स्रोत अनुमान समितिको बैठक बजेट २०८०।२।१० मा बसेपनि वडागत र पालिकाको लागि क्षेत्रगत बजेट सिलिङ नतोकी एकमुष्ट रू.३९७७६३९००। को सिमा निर्धारण गरेको छ। ऐनको व्यवस्था बमोजिम समितिले बैसाख १० गते भित्र बजेट स्रोत, सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने र समितिले आगामी आर्थिक वर्ष पछि २ आर्थिक वर्षको बजेट प्रक्षेपण गर्ने कार्य समेत गरिनु पर्दछ।

३.३ **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ। पालिकाको बजेट तर्जुमा समितिको गठन गरी बैठक बसेको देखिएन। बजेट तथा कार्यक्रमलाई कार्यान्वयन योग्य बनाउन ऐन अनुरुप समिति गठन गरी आयको प्रक्षेपण, वितरणको खाका कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने तथा कार्यक्रममा दोहोरोपना आउन नदिने कार्य गर्नुपर्दछ।

३.४ **गत वर्षको दायित्व** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रू.३८६००००।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३.५ **गाउँसभा**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । पालिकाको बजेट असार १० मा प्रस्तुत गरी असार १६ गते पारित गरेकोमा गतवर्षको वित्तिय प्रगति र यस वर्षको आय अनुमान र व्यय अनुमान उल्लेख नगरी कार्यक्रम र योजनागत बजेट पारित गरेको, चालु तथा पूँजीगत बजेट खर्चको अनुमान नगरेको, पालिकाको कूल बजेट कति हुने यकिन नगरेको, क्षेत्रगत बजेटको सिमा निर्धारण गरेको नदेखिंदा सभाले पारित गरेको बजेट र कार्यक्रम यथार्थ परक देखिएन । चालु र पूँजिगत शिर्षकबाट संचालन हुने कार्यक्रम र योजनाको अनुमानित खर्च यथार्थपरक हुने गरी बजेट स्वीकृत गर्ने तर्फ सभाको ध्यान पुगेको छैन । यसमा सुधार हुनुपर्दछ।

अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई मिति २०८०।४।३० मा रू.३९८४६३९००। बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेकोमा ऐनले तोकेभन्दा ढिला अख्तियारी दिएको देखियो । कानून सम्मत बजेट पारित गरी सोही अनुसार सुत्रमा बजेट प्रविष्ट गर्ने र प्रकृया पुरा गरेर रकम समेत उल्लेख गरी ऐनले तोकेको अवधि भित्रै अख्तियारी प्रदान गरिनु पर्दछ ।

३.६ **योजनाको प्राथमिकीकरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामजस्यता गरेको छैन । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र

सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु. १० लाख भन्दा माथिका योजना सङ्ख्या	रु.५ लाखदेखि १० लाख सम्मका योजना सङ्ख्या	रु.५लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	१६०	३	१२	१४५

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका योजना मध्ये ५ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.७ **प्रगति विवरण** - कार्यालयले त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरे छैन । त्रैमासिक र वार्षिक प्रगति विवरण बनाई तालुक निकायमा पठाउने कार्यक्रम र प्रगतिको समिक्षा गरिनु पर्दछ ।

३.८ रकमान्तर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर तोकिए बमोजिम रकमान्तर गर्न सकिने व्यवस्था छ । कार्यपालिकाको पटक पटकको निर्णयले विभिन्न शिर्षकहरुवाट रु १ करोड २ लाख ११ हजार बजेट घटाएको तथा रु १ करोड ४७ लाख ७८ हजार बजेट बढाएको छ । बजेट सुत्र प्रणालीमा प्रविष्ट गर्दा चालु खर्च शिर्षकमा पूँजीगत खर्च र पूँजीगत खर्च शिर्षकमा चालु खर्च प्रविष्ट गरेकोले रकमान्तर यथार्थपरक देखिंदैन । यथार्थपरक बजेट बनाई सुत्रमा ष्रविष्ट गर्ने र ऐनको प्रकृया पुर्याएर मात्र रकमान्तर गरिनु पर्दछ ।

४ अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता

पालिकाको अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

४.१ पालिकाले अनुदान वितरणको मापदण्ड वनाई वितरीत अनुदानको उपयोग, उपलब्धिको लेखाजोखा गर्न अनुगमन गर्नु पर्दछ । पालिकाले अनुदान वितरण सम्बन्धी मापदण्ड बनाएको देखिएन । त्यस्तै वितरित अनुदानको उपयोग सम्बन्धमा प्राप्त उपलव्धीको लेखाजोखा गर्न यथार्थपरक अनुगमन गरी सो को प्रतिवेदन तयार गरेको देखिएन । अनुदान वितरणको मापदण्ड वनाई यथार्थ परक अनुगमन गरिनु पर्दछ ।

४.२ स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त गर्ने समपूरक र विशेष अनुदान बापतको रकम वार्षिक कार्यक्रममा समावेश गरेर मात्र खर्च गर्नु पर्दछ । पालिकाको १३ औं गाउँ सभाले स्वीकृत गरेको बजेटको विश्लेषण गर्दा संघिय सरकार समपुरक अनुदान रू २ करोड २० लाख विशेष अनुदान तर्फ रू १ करोड रकम प्राप्त भई क्रमश रू १ करोड ९९ लाख ५८ हजार खर्च भएको तथा प्रदेश सरकार समपुरक अनुदान रू ४५ लाख ६७ हजार र विशेष अनुदान तर्फ रू ८० लाख रकम प्राप्त भई क्रमश रू ११ लाख ३३ हजार खर्च भएकोमा बार्षिक स्वीकृत कार्यक्रममा समावेश भई खर्च भएको देखिएन । प्राप्त हुने समपूरक र विशेष अनुदान बार्षिक बजेटमा समावेश गरेर मात्र खर्च गरिनु पर्दछ ।

४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गर्ने र सभावाट पारित गरी कार्यान्वयन गर्नुपर्दछ । पालिकाले ऐन बमोजिम योजना तर्जुमा नगरेको तथा बार्षिक कार्यक्रम तथा योजना तर्जुमा गर्दा व्यक्ति तथा निजी संस्थालाई फाईदा पुग्ने गरी बार्षिक योजनामै कार्यक्रम तर्जुमा गरी बजेट विनियोजन तथा खर्च लेखेको पाईयो । पालिकाले नुदान वितरणको मापदण्ड नबनाएको, वितरीत अनुदानको उपयोग, उपलब्धिको लेखाजोखा नगरिएको तथा वितरित अनुदानको उपयोग समेत मूल्यांकंन गर्ने नगरेको अवस्था छ । व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी बजेटमै योजना राख्ने तथा विनियोजन गर्ने परिपाटीमा नियन्त्रण गरिनु पर्दछ । उदाहरणको लागि केहि अनुदान वितरणको विवरण निम्नानुसार छन।

व्यक्ति संस्थाको नाम	**अनुदान रकम**
थापा कुटानी पिसानी	१०००००
न्यू मालिका फुडस एण्ड प्रोडक्ट	२०००००

४.४ संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण अनुसार २०८१ असार मसान्तमा प्राप्त अनुदान रकम खर्च नभई बाँकी रहेको रू २१४२००३३।३६ मिति २०८१।३।२४ मा फिर्ता गरेको छ।

५ सेवा प्रवाह

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरु नागरिकलाई प्रदान गर्दछ । आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म, मृत्यु, विवाह दर्ता, बसाई सराई, विद्युत मिटर सिफारिस, निशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अभिलेखिकरण अद्यावधिक अभिलेख गरिनु पर्दछ । गाउँपालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ ।

क्र.सं.	विवरण	सेवा प्राप्तिका लागि निवेदन संख्या	सिफारिस संख्या
१	बसाइसराइ	१०९	१०९
२	विवाह दर्ता	१६५	१६५
३	जन्म दर्ता	८९६	८९६
४	मृत्यु दर्ता	१२९	१२९

गाउँपालिकाले सेवा प्रवाहलाई व्यवस्थित र गुणस्तरीय बनाइ सबैको अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

६ खरिद तथा ठेक्का अभिलेख

गाउँपालिकाको खरिद तथा ठेक्का अभिलेख सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

६.१ **ठेक्का अभिलेख-** कार्यालयले ठेक्का सम्झौताबाट भएको कामको अभिलेख (म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत) राखेको छैन । मलेप फा नं ५०६ र ५०७ नराखेको

ठेक्का सम्बन्धी अद्यावधिक विवरण प्राप्त हुन सकेन । ठेक्का सम्बन्धी गोश्वारा खाता राख्ने तर्फ ध्यान दिनु पर्दछ ।

६.२ **खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको कतिपय खरिद सम्बन्धी विवरणहरु प्राप्त हुन सकेन । नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

६.३ **खरिद योजना**- सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै नियमावलीको नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ ।पालिकाले विभिन्न शीर्षक अन्तर्गत रु. ९४०१७८५०।०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकामै आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

६.४ **कन्टिन्जेन्सी खर्च** - निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची-१ तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कण्टिन्जेन्सीबापत थप गर्ने व्यवस्था रहेको छ । महालेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक सङ्केत वर्गीकरण र व्याख्याअनुरूप अर्थ मन्त्रालयबाट बजेट विनियोजन हुने इन्धन, सूचना प्रकाशन, भ्रमण खर्च, मर्मत, ज्याला लगायतका कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले कन्टेन्जेन्सी खर्चको अभिलेख राखेको छैन । अभिलेख नराखेकोले कन्टेन्जेन्सी खर्च सम्बन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीले तोके बमोजिम कन्टेन्जेन्सीको अभिलेख राखिनु पर्दछ ।

७ सहकारी संस्था

पालिका अन्तर्गत रहेका सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

७.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ मा गाउँपालिकाको अधिकार भित्र सहकारी संस्था सम्बन्धी स्थानीय नीति कानून मापदण्डको निर्माण कार्यान्वियन र नियमन सम्बन्धि व्यवस्था छ । यस अनुसार स्थानीय सहकारी संस्था सम्बन्धी कानूनको मापदण्ड बनाउने कार्यान्वियन गर्ने तथा सहकारीहरु अनुगमन गरी नियमन गर्नुपर्नेमा पालिका अन्तर्गत २९ सहकारी रहेकोमा १३ सहकारी स्थानीय तहमा दर्ता भएको र १६ सहकारी दर्ता नभएको तथा २९ वटै सकारीको अनुगमन तथा नियमन गरेको पाईएन । ऐन अनुसार नियमन गरिनु पर्दछ ।

७.२ सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक

महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन ।त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

८ नियन्त्रण वातावरण

पालिकाको नियन्त्रण वातावरण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्ः

८.१ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार पालिकाले गर्नुपर्ने उल्लेख भएका कार्यहरु गरिएको हुनुपर्नेमा , दफा २४(४) अनुसारका देहायका कार्यहरु भएको देखिएन । अत उक्त ऐनद्वारा गर्नुपर्ने कार्यहरु प्रभावकारी रुपमा गरिनु पर्ने देखिन्छ ।

• सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन,भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा नभएको
• अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण नभएको
• स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड,सेवा शर्त,योजना,कार्यान्वियन र नियमन नभएको,
• आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन नभएको,
• मातृभाषा शिक्षा दिने विद्यालयको अनुमति अनुगमन, तथा नियमन नभएको,
• सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्ति अभिलेख, संरक्षण र व्यवस्थापन नभएको,
• स्थानीय पुस्तकालय र वाचनालयको संचालन तथा व्यवस्थापन नभएको,
• स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वियन, अनुगमन र नियमन नभएको,
• स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन नभएको,
• जेष्ठ नागरिक, क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, अश्रय केन्द्रको संचालन तथा व्यवस्थापन नभएको,
• खानेपानी महशुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन नगरेको,
• एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा नगरेको,
• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा नगरेको,
• स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन नभएको,
• स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन नगरेको,
• खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य नभएको,
• जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तयार नगरेको,
• सामुदायिक भुसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम नभएको,
• खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क संकलन नभएको,
• बहुमुल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षणा र सम्वर्द्धनमा सहयोग नगरेको
• आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन नभएको,
• खानेपानी महशुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन नभएको,
• वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी २६ वटा काम कर्तव्य रहेकोमा कुनै पनि कार्यान्वियन नभएको,
• व्यक्तिगत घट्नाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति कानून ,मापदण्ड, योजना तर्जुमा नभएको,
• प्राकृतिक स्रोतबाट हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा नभएको,
• यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा नभएको,
• संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीयस्तरको भु उपयोग नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वियन नभएको,

• संघीय तथा प्रदेशको मापदण्डको अधिनमा रही व्यवस्थित वस्ती विकासमा कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा र विकास व्यवस्थापन नगरेको,

• स्थानीयस्तरमा अव्यवस्थित बसोवास व्यवस्थापन नभएको,

• दफा२४ (४) पालिकाले आवधिक, वार्षिक, रणनीतिगत योजना बनाउँदा मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार नगरेको,

• दफा८३ (७) पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्ने उल्लेख गरेकोमा कार्यान्वयन नभएको

स्थानीय सरकार सञ्चालन ऐनद्वारा निर्देशित कार्य प्रभावकारी रुपमा गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

८.२ आन्तरिक नियन्त्रण प्रणाली - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,

• गाउँपालिकाले २०८०।८१ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा गाउँपालिकाले आफ्नो अधीकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• गाउँपालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने गरेको देखिएन,

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न सामुदायिक विद्यालयलहरुलाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• गाउँपालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरणको संरक्षण एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• तोकिए वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• अनुदान वितरण कार्यक्रम स्थानिय तह र प्रदेश तहवाट समेत वितरण हुने तथा संघ, प्रदेश र स्थानिय तह विच समन्वयको संयन्त्र नभएकोले दोहोरो अनुदानमा नियन्त्रण भएको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।१२।२५ को परिपत्र अनुसार यस गाउँपालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख,मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ।पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन,

• योजनाको कार्यस्वीकार/कार्यसम्पन्न प्रतिवेनमा नापी तयार गर्ने ईन्जिनियरको मात्र हस्ताक्षर हुने तर सिफारिस गर्ने प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर भएको पाईएन ।

• मालसामान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो।

• पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको।

• आर्थिक बर्षको अन्त्यमा मात्र पेश्की फर्स्यौट गर्ने गरेको।

• कार्यालयले बिभिन्न खरिदको रकम भुक्तानी गर्दा आंशिक कारोवारको खरिदको आदेश, माग फाराम र दाखिला प्रतिवेदनमा सम्वन्धित जिम्मेवार पदाधिकारीले हस्ताक्षर गरेको देखिएन।

• विद्युत महशुल समयमा भुक्तानी नहुँदा जरिवाना लाग्ने भएको हुँदा यस तर्फ ध्यान दिनुपर्दछ।

• भ्रमण प्रतिवेदन पूर्ण रुपमा राख्ने गरेको नपाइएको ।

• लगबुक पूर्ण रुपमा राख्ने नगरेको ।

तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८.३ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले पेश गरेको विवरण अनुसार यसवर्ष कार्यपालिकाको निर्णय अनुसार १९ व्यक्तिलाई रु. २१६८६०। आर्थिक सहायता वितरण गरेकोमा आर्थिक सहायता वितरणमा एकरुपता दिखएन । आर्थिक सहायता वितरण कार्यविधि नबनाई खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष दर्ता भएका १३ मध्ये १० वटा फर्स्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१० कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म १५ वटा ऐन, ८ वटा नियमावली, २३ कार्यविधि लगायत ५५ वटा कानुन निर्माण गरेपनि पूर्ण कार्यान्वयनमा ल्याएको छैन । निर्मित कानूनमध्ये ८ कानूनहरु सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि राजपत्रमा प्रकाशन गरेको छैन । जारी गरेका कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११ विड ओपनिङ भत्ता: (६१-२०८०-८-२६):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्दा रित पुगे नपुगेको जाचँ गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यालय समयमा खोलेको विड ओपनिङ कार्यको समेत भत्ता खर्च लेखेको पाइयो । कार्यलय समयमा खोलिने विड ओपनिङको भत्ता खर्च लेख्न मिल्ने नदेखिएकोले कर कटाइ भुक्तानी गरेको रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु.......

नाम	दर	कर कट्टि पछीको रकम
प्रशासकिय अधिकृत दिपक कुमार रावल	१०००	८५०
स.इन्जिनियर पदम राज जोशी	१०००	८५०
IT Officer महेश कुमार खत्री	१०००	८५०
स. इन्जिनियर विकास सिंह	१०००	८५०
अ.स.इन्जिनियर सविन्द्र खत्री	१०००	८५०
स्टोर प्रमुख ऐन वहादुर रोकाया	१०००	८५०
शिक्षा अधिकृत हरि प्रसाद सोती	१०००	८५०
जम्मा		५९५०।०

असुल गर्नुपर्ने	५,९५०

१२ **स्थानीय भत्ता:**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सवै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दि भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४।०७५ वाट लागू हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालवसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च र सालवसाली रुपमा एकपटक चैत्र महिनामा पोशाक भत्ता सम्झौतामा उल्लेख गरी दिन मिल्ने छ भने अन्य सुविधा उपलव्ध गराउने कुनै व्यवस्था गरेको छैन । पालिकाले एम आइ एस अपरेटर ऐन वहादुर रोकायालाई मासिक रु ७७१० का दरले १२ महिनाको रु ९२५२०।०० स्थानीय भत्ता भुक्तानी गरेकोले परिपत्र विपरित भुक्तानी दिएको रकम असूल हुनुपर्ने रु ......

असुल गर्नुपर्ने	९२,५२०

१३ **स्थानीय तहका पदाधिकारी सुविधा:**

नेपालको संविधानको धारा २२७ मा गाँउसधा तथा नगरसभा सदस्यले पाउने सुविधाका सम्वन्धमा प्रदेश कानून वमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धि विधेयक , २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकावाट यस वर्ष पदाधिकारीको सुविधामा कुल रु ७३६५५००।० खर्च लेखेको देखिन्छ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडा अध्यक्ष ७ जना	कार्यपालिका सदस्य ६ जना	सभाका सदस्य २४ जना	जम्मा
१	वैठक भत्ता	१०००	१०००	७०००	६०००	२४०००	४६८०००
२	यातायात खर्च	०	९०००	२४५००	०	०	४०२०००
३	टेलिफोन,मोवाइल	६०००	५०००	२४५००	१८०००	४८०००	१२१८०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	५०००	४५००	२८०००	१८०००	४८०००	१२४२०००
५	अतिथि सत्कार	१००००	९०००	४९०००	०	०	८१६०००
६	खानेपानी/विजुली/ सरसफाई	३५००	३०००	१४०००	१२०००	२४०००	६७८०००
७	चाडपर्व खर्च	२५०००	२२५००	११२०००	१८०००	१६८०००	३४५५००
८	अनुगमन खर्च	०	०	०	०	०	०
९	इन्धन	०	९०००	१४०००	०	०	२७६०००
१०	समन्वय तथा सहजिकरण भत्ता	९०००	७०००	४२०००	३००००	७२०००	१९२००००
	जम्मा	७०२०००	८४००००	३७८०००	१२२४०००	४६०८०००	७३६५५००

१४ **स्वकीय सचिवः**

सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी विधेयक,२०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उपप्रमुख स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था छैन्। त्यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाको स्वकीय सचिवका रुपमा सहायक चौथो स्तरको तलव भत्ता भुक्तानी हुने गरी श्री वरुण कु.रोकाया नियुक्ती गरी मासिक रु ३२९०२।० का दरले १२ महिनाको रु ३९४८२४।० र दशै खर्च र ३२९०२।० भुक्तानी भएको छ । दरवन्दिनै नभएको पदमा नियुक्त दिने गरी निर्णय गर्ने तथा नियुक्ति दिने पदाधिकारिलाई जिम्मेवार वनाइनु पर्दछ। ऐनमा व्यवस्था भए विपरित पदपूर्ति गरी खर्च लेखेकोले वढि व्ययभार पारेको देखिएकोले उक्त खर्च नियमित हुनुपर्दछ।

अनियमित भएको	४,२७,७२६

१५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा भुक्तानी दिन वाँकीको विवरण तयार गरी प्रमाणीत गराई राख्नु पर्ने व्यवस्था छ । पालिकाले अधिकाँश काम उपभोक्ता समिति मार्फत गराएको र उपभोक्ता समितिसंग भएको सम्झौता अनुसार आयोजनाको लागि स्वीकृत भएको रकम भन्दा बढी भुक्तानी माग्ने वा आगामी आर्थिक वर्षमा रकम दायित्व राख्ने मनसायले सम्बन्धित पक्षले कुनै माग दावी राख्न नपाउने तथा तोकिएको समय भित्र कार्यसम्पन्न गरी एक महिना भित्रमा अन्तिम किस्ता भुक्तानी माग गर्नु पर्ने गरी सम्झौता गरेको पाईयो । स्थानीय संचित कोष खातामा रकम मौज्दात रहंदा रहंदै २०७९।८० को भुक्तानी दिन वाँकी प्रमाणीत गरी २४ योजना तथा कार्यक्रमको रु ३७१००००। र पाटादेवल मन्दिर मर्मत कार्यको रु १२७०४४। समेत रु ३८३७०४४। खर्च लेखेको पाईयो । संचित कोषमा रकम मौज्दात रहंदा रहंदै बजेट निकासा नभएको प्रमाणीत गरी खर्च लेखेको उचित देखिएन । दायित्व वाँकी राख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । भुक्तानी वाँकीको प्रमाणित वेगर पाटादेवल मन्दिर मर्मत कार्यको भौ नं २८-०८०।८।५ वाट रु १२७०४४। खर्च लेखेको खर्च नियमित हुनुपर्दछ।

अनियमित भएको	१,२७,०४४

१६ **सूचना प्रकाशन**

स्थनीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययीता कार्यदक्षता प्रभावकारिता र औचित्य समेतको विचार गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले दिएको विवरण अनुसार यसवर्ष निर्माण कार्यको सूचना प्रकाशन वापत रु १४६७१२४। खर्च लेखेको पाईयो । नमुना छनौटको आधारमा मूल्याँकन गर्दा निम्नानुसारको प्रकाशित सूचना ठूलो साईज र अक्षरको प्रयोग गरी बढी सिसिको सूचना प्रकाशन गरेको तथा एउटै पत्रिकामा एकै दिन सूचना प्रकाशन गर्न सकिनेमा फरक फरक मिति राखि प्रकाशन गरेकोले कार्यालयलाई बढी व्ययभार परेको रकम नियमित हुनुपर्दछ।

गो भौ नं मिति	सूचनाको प्रकार	पत्रिका र मिति	साईज	भुक्तानी पाउने	भुक्तानी मिति
१३-०८०।११।१७	ठेक्का सूचना	सौर्य दैनिक २०८०। १०।६ र ७	११५ र ७० सिसि	खम्तड मिडिया	२३४१३६
१४,४३-२०८०।११।१७	ठेक्का सूचना	सौर्य दैनिक २०८०।५। ११ र १९	१५५ र १५६ सिसि	खम्तड मिडिया	३९३६०७
१६-२०८०।१२।१६	ठेक्का सूचना	मध्यान्न दैनिक २०८०।५।१३	९० सिसि	परफेक्ट एड	१२१०२३
जम्मा					७४८७६६

अनियमित भएको	७,४८,७६६

१७ **कार्यसम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद निमयावली २०६४ को नियम ११ मा लागत अनुमान सम्बन्धी र नियम १२३ मा विल विजकको भुक्तानी दिंदाको आधार उल्लेख गरेको छ । पालिकाले नविकरणीय उर्जा कार्यक्रम अन्तर्गत सडकमा ८ सौर्य वत्ति जडान गर्ने कार्य गर्दा वैकल्पीक उर्जा प्रवर्धन केन्द्रले तयार गरेको सन्दर्भ सूचिको आधारमा लागत अनुमान तयार नलिएको तथा सौर्यवत्ति जडान गरेको स्थानगत उल्लेख गरी कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएन। सप्लायर्सलाई भौ नं ५२- ०८१।३।२४ वाट रु ९९९०००। भुक्तानी दिएको कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	९,९९,०००

१८ **साना सिंचाई अध्ययन**

सुदुर पश्चिम आर्थिक कार्यविध नियमावलीको नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारीले आफूलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा पुग्ने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले प्रदेश सरकार हस्तान्तरीत कार्यक्रमको साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रम अन्तर्गत निम्नानुसारका ७ पदाधिकारी तथा कर्मचारीहरु फिल्डमा खटीई साना सिंचाई अध्ययन गरेको भनि १ पन्ने अध्ययन प्रतिवेदनको आधारमा कर कटाई भौ नं ७- २०८०।११।०१ बाट रु ४१६५०। खर्च लेखेको छ । अध्ययन प्रतिवेदन विशेषज्ञबाट गरिने र अध्ययन प्रतिवेदनवाट सिंचाईको बर्तमान अवस्था, कृषियोग्य क्षेत्र र क्षेत्रफल, अपेक्षित लाभ लागत विश्लेषण लगायतको प्रतिवेदन तयार गरिनु पर्नेमा सो विपिरत अध्ययन गरेको भनी भत्ता खर्च लेखेको देखिएकोले सम्बन्धितवाट असूल गर्नुपर्ने देखिएको रु

पदाधिकारीको नाम	पद	करकटाई भुक्तानी दिएको रकम
उत्तम बहादुर रोकाया	गाउँपालिका अध्यक्ष	५९५०
गौरीशंकर रोकाया	शाखा प्रमुख	५९५०
विर बहादुर नेपाली	प्रमुख प्रशासकिय अधिकृत	५९५०
बिष्णु कुमार थापा	गाउँपालिका उपाध्यक्ष	५९५०
भुमिराज खत्री	कृषि अधिकृत	५९५०
मदनराज जोशी	लेखापाल	५९५०
विष्णु वोगटी	कार्यालय सहयोगी	५९५०
जम्मा		४१६५०

असुल गर्नुपर्ने	४१,६५०

१९ डोजर खाता

१९.१ डोजर संचालन - पालिकाको जेसीवी संचालन कार्यविधि, २०७५ अनुसार डोजर संचालनको लागि डोजर संचालक समितिको व्यवस्था गरेको छ । संचालक समितिले पालिकाको डोजर परिचालन गर्दा पालिकाको भन्दा वाह्य व्यक्तिले संस्थाले डोजर प्रयोग गर्दा डोजर प्रयोग गर्न माग गरेको निवेदन, डोजर परिचालनको लागि स्वीकृती, डोजर संचालन हुने अनुमानित समय, डोजर संचालन गर्दा चलेको माईलेज, चलेको घण्टा तथा पालिका स्वयंले प्रयोग गर्दा गरेको काम, कामको परिमाण र मूल्याँकन लगायतको विवरण नराखेकोले डोजर संचालनको अद्यावधिक स्थिति मूल्याँकन गर्न सकिएन । उल्लेखित कुराहरुलाई ध्यान दिई व्यवस्थित रुपमा डोजर संचालन गरिनु पर्दछ ।

१९.२ हिसाव लेखाँकन - पालिकाको जेसीवी संचालन कार्यविधि, २०७५ मा कोष संचालन प्रमुख प्रशासकिय अधिकृतले वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुने तथा कोषको छुट्टै लेखाँकन गरिने व्यवस्था छ । पालिकाको डोजर खाताको हिसाव लेखाँकन सम्बन्धमा डोजरको आम्दानी पिच्छे गोश्वारा भौचर नउठाएको, वैंक नगदी किताव खडा नगरेको, आम्दानी खर्चको श्रेष्ता नराखेकोले यथार्थ आम्दानी खर्चको विश्लेषण गर्न सकिएन । कारोवारको यथार्थता देखिने गरी लेखाँकन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१९.३ उठन वाँकी डोजर भाडा – जेसीवी संचालन कार्यविधि, २०७५ बमोजिम डोजरको भाडा दर कार्यपालिकाले तोके बमोजिम हुने व्यवस्था बमोजिम आव २०८०।८१ को लागि बकेटको प्रतिघण्टा दर ईन्धन सहित रू.६५००।र ईन्धन वाहेक रू. २५००। तथा व्रेकरको ईन्धन सहित रु ७०००।र ईन्धन वाहेक रु ३०००। हुने गरी निर्णय गरेको देखिन्छ । पालिकाले पेश गरेको विवरण अनुसार

निम्नानुसार व्यक्ति, फर्म तथा उपभोक्ता समितिहरुले डोजर प्रयोग वापत गाउँपालिकालाई बुझाउन वाँकी रहेको डोजर भाडा सम्बन्धितवाट असूल गर्नुपर्ने देखिएको रू.

सि.न	नामथर	बाकी रकम
१	सन्तोष सिह	७५५००
२	हेमराजखडका	३०२५०
४	गडराय पुल	५४०००
५	खैराडी पुल	४५५००
७	लोकेन्द्रसिह	२१२५०
८	१० शैयाअस्पताल	४२२५०
१०	खडकराजजोशी	२५००
११	राजेन्दरोकाया	११२००
१३	एस आर विअन्स्ट्रक्सन	४४९००
१४	शमशेररोकाया	४३००
१६	चौका स्कुल	१७५००
१७	गडराय पुल	५९५००
१९	सन्तोषसिँह	७३०००
२०	हेमराजखड्का	४९०००
२२	शुभकामनाकन्ट्रक्सन	८७३५०
२३	भुपेन्द्रसिँह	७८३००
२५	गडराय पुल	१३००००
२६	खैराडी पुल	२२५००
२८	देव बहादुर सिंह	१५०००
२९	सत्यम रोकाया	२२५००
३१	हंस गिरी	१००००
३२	किरण गिरी	१००००
३४	नरेन्द्र सिंह	९६२५०
३५	सेर ब खड्का	३२०००
३७	बम बहादुर रोकाया	७५००
३८	भिम बहादुर रोकाया	१००००
३९	चन्द्र विकास जे भि	३८७५०
	जम्मा	१०९०८००

असुल गर्नुपर्ने	१०,९०,८००

२० **लाभग्राही सुचिमा नभएकालाई भुक्तानी**

सुरक्षित नागरीक आवास कार्यान्वयन कार्यविधि २०७५ संशोधन २०७७ मा लाभग्राहीको छनौट गर्ने, छनौटमा परेका लाभग्राहीसंग सम्झौता गरी सम्झौता पश्चात पहिलो किस्ता साठी प्रतिशत र कार्यसम्पन्न पश्चात स्थानीय तहको प्राविधिकवाट अनुसूची ३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारीशको आधारमा स्थानीय तहवाट लाभग्राहीलाई अन्तिम किस्ता वापतको चालीस प्रतिशत अनुदान रकम उपलव्ध गराउने व्यवस्था छ । पालिकाले सुरक्षित नागरीक आवास कार्यक्रममा प्राप्त रु ११ लाख भौ नं ४८-०८१।३।२१ बाट खर्च लेखी १२० जना लाभग्राहीलाई पहिलो किस्तावात रू.९०००। का दरले खर्च लेखेको छ । लाभग्राहीको सूची र भुक्तानी प्राप्त गर्ने व्यक्तिको विश्लेषण गर्दा लाभग्राही सूचीमा नरहेका निम्नानुसारका व्यक्तिले भुक्तानी लिएको देखिएकोले लाभग्राहीको सूचीमा नरहेको व्यक्तिलाई भुक्तानी दिएको रकम असूल हुनुपर्ने रू.

भुक्तानी पाउनेको नाम	वडा नं	भुक्तानी रकम
टिका खड्का	७	९०००
बसुन्धारा देवी सिंह	७	९०००
दल वहादुर सिंह	५	९०००
जम्मा		२७०००

असुल गर्नुपर्ने	२७,०००

२१ **वढी भुक्तानी:**

अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका,२०७७ बुँदा ७.१.१५ मा सवै प्रकारका तालिम गोष्ठि सेमिनार कार्यशाला संचालन सम्वन्धि खर्चको मापदण्ड एवं भ्रमण खर्च सम्बन्धी व्यवस्थामा जिल्ला तथा गाउँ नगर स्तरको तालिममा प्रशिक्षक भत्ताको दर ७००। रहेकोमा पालिकाले सो भन्दा बढी प्रति सेसनको रु १७००। दिएकोले निर्देशिकाले तोके भन्दा बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रू.

गो. भौ नं /मिति	विषय	प्रशिक्षकको नाम थर	कक्षा संख्या	वढी भुक्तानी
३३५/२०८१/०३/०८	स्थानीय पाठ्यक्रम प्रवोधिकरण	वाल्मिकी प्र.जोशी	१	१०००।०
३३५/२०८१/०३/०८	स्थानीय पाठ्यक्रम प्रवोधिकरण	महेशराज जोशी	१	१०००।०
३३५/२०८१/०३/०८	स्थानीय पाठ्यक्रम प्रवोधिकरण	रमेश व.सिंह	१	१०००।०
३३५/२०८१/०३/०८	स्थानीय पाठ्यक्रम प्रवोधिकरण	हरिप्रसाद सोति	४	४०००।०
३३६/२०८१/०३/०८	EMIS तालिम सञ्चालन	महेश कुमार खत्री	२	२०००।०
३३६/२०८१/०३/०८	EMIS तालिम सञ्चालन	हरि प्रसाद सोति	२	२०००।०
	जम्मा			११०००।

असुल गर्नुपर्ने	११,०००

२२ **सरकारी नम्स भन्दा वढी भुक्तानी:** (२५९-२०८१-३-२३):

कृषि तथा पशुपक्षी डायरी २०८० को वुदा नं १४.२ अनुसार फलफुल विरुवाको मिती २०७६/६/६ वाट लागुहुने गरी फलफुलहरुको सरकारी मूल्य सूचि तोकेको छ । पालिकाले सुन्तला फलफुल पकेट विकास कार्यक्रम अन्तर्गत पश्चिम एग्रो फरेष्ट्री प्रा.ली (पान नं

६०९८२१९२१) वाट विभिन्न जातका विरुवा खरिद गरेकोमा यथार्थपरक लागत अनुमान तयार नगरी खरिद विलको आधारमा भुक्तानी दिदा वढि दररेट देखिएकोले वढि व्ययभार परेको रकम नियमित हुनुपर्दछ।

विरुवाको नाम	सरकारी दर	नर्सरी दर	फरक	परीमाण	वढि भुक्तानी
सुन्तलाको विरुवा	५०	८०	३०	६०००	१८००००।०

अनियमित भएको	१,८०,०००

२३ **नपाउने भ्रमण खर्च :**

भ्रमण खर्च नियमावलीको नियम ९ मा सरुवा,वढुवा वा नयाँ नियुक्ति भै जाँदा दैनिक भत्ता पाउने र भ्रमण सकेसम्म किफायती र एकै जिल्लामा सरुवा हुदा पारिवारिक भत्ता नपाउने व्यवस्था छ । पालिकाले सि. अ.हे.व दिनेश व. सिंहलाई नपाउने सुविधा भुक्तानी गरेकोले नियमावली विपरित भुक्तानी दिएको रकम सम्वन्धितवाट असूल गरि दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	७,८००

२४ **नाफामुलक संस्थालाई अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ७६ मा वितरणमुखि खर्चलाई नियन्त्रण गर्दै संघ र प्रदेश सरकारवाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसवाट नाफाकमाउने उद्देश्यवाट स्थापित संस्थालाई अनुदान तथा सहायता उपलव्ध गराउन मिल्दैन। अनुदान उपलव्ध गराउदा सार्वजनिक रुपमा निशुल्क वा न्यून शुल्कमा सेवा उपलव्ध गराउने सुनिश्चित हुनुपर्दछ । ऐन विपरित पालिकाले निम्न नाफामूलक संस्थालाई अनुदान उपलव्ध गराएको छ । तर त्यसवाट उपरोक्तानुसार सेवा प्रवाह हुने सुनिश्चित छैन। यस्तो खर्च नियमसम्मत नदेखिएको रू.

गो भौ नं/ मिति	गैरसरकारी संस्थाको नाम	रकम
२२।२०८०/७/१	सिर्जनशिल युवा समाज	२०००००।००
३६९।२०८१/०३/१६	तेस्रो आखाँ राष्ट्रिय साप्ताहिक	२०००००।००

अनियमित भएको	४,००,०००

२५ **वाह्य व्यक्तिलाई अनुगमन भत्ताः**

सुदुर पश्चिम आर्थिक कार्यविधि नियमावलीको नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारिले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा पुग्ने गरी सरकारी धन खर्च गर्न नहुने व्यवस्था छ । पालिकाले कार्यालयसंग असम्बन्धित निम्नानुसारका व्यक्तिलाई अनुगमन भत्ता दिएको कार्यविधि अनुरुप नदेखिएकोले सम्वन्धित व्यक्तिलाई दिएको अनुगमन भत्ता असूल गर्नुपर्ने रू.

गो भौ नं । मिति	नाम	भ्रमण अवधि	रकम	कैफियत
३९८/२०८१/०३/२१	धर्मजङ्ग व. सिंह(अभिमतकर्ता)	२०८१/२/३०-३/४ सम्म	१००००।०	
३९८/२०८१/०३/२१	उत्सव वहादुर रोकाया(सहायक सूचक)	२०८१/३/५-३/११	९०००।०	
३९८/२०८१/०३/२१	कृष्ण वहादुर विष्ट(उपप्रमुख जि .स.स)	२०८०/११/२-११/७	१४०००।०	
३९८/२०८१/०३/२१	शमशेर रोकाया(वडा सदस्य)	२०८०/११/०७-१३	९५००।०	वडा अनुगमन गरे वापत भनि लिएको
३९८/२०८१/०३/२१	सुमन वोगटी (ज.न पा)	२०८१/१/२-८	१३०००।०	
३९८/२०८१/०३/२१	विर्ख वोहोरा (पत्रकार)	२०८१/२/२०-२६	९०००।०	
३९८/२०८१/०३/२१	भिम वहादुर रोकाया(खेलकुद समिति अध्यक्ष)	२०८०/९/२२-२८	१८०००।०	
३९८/२०८१/०३/२१	दोरेन्द्र खड्का (पत्रकार)	२०८१/२/२०-२६	१९०००।०	

असुल गर्नुपर्ने	१,०१,५००

२६ **कम पेश्की फर्छ्यौटः** (१७४-२०८१-३-४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको खर्च प्रमाणित गर्ने आवश्यक विल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्वन्धित कार्यलयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। उद्यम विकास सहजकर्ता कविता खत्रीले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संञ्चालन गर्न २१२०००।० पेश्कि लिएको तर फर्छयौट गर्दा रु १७२८९०।० को मात्र फर्छयौट गरेकोले कम फर्छयौट भएको रु ३९११०।० निजवाट असूल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	३९,११०

२७ **लागत अनुमान भन्दा फरक खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ को उपनियम २(क) मा स्विकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा मात्र खर्च गर्न पाउने व्यवस्था छ । पालिकाले नियमाव ली विपरित कार्यालय प्रमुखले स्विकृत गरेको लागत अनुमानको शिर्षक भन्दा फरक शिर्षक पारि निम्नवमोजिमका कृयाकलापमा खर्च गरेकोले नियमित हुनुपर्दछ।

गो भौ /मिति	हुनुपर्ने शिर्षक	भएको शिर्षक	रकम
२१३/०८१/०१/१२	कक्षा ८ को पुरक परिक्षा	अन्य क्रियाकलाप	७११५०।०
११७/०८१/०१/१८ (शसर्त)	परीक्षा पत्र छपाई	खाना /खाजा खर्च	३८१५०।०
१५१/०८१/३/२२	आवश्यक सामाग्री खरिद	हल भाडा	२००००।०
जम्मा			१२९३००।०

अनियमित भएको	१,२९,३००

२८ **स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम**

मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा ४ मा नेपाल सरकारबाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडिएको भत्ता, अपांग भत्ता, लगायत नेपाल सरकारबाट साबिकमा पाई आएको सामाजिक सुरक्षा भत्ता, वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्ने व्यवस्था छ । कार्यालयले सो कार्यविधि बमोजिम रकम प्राप्त गरिरहेका असाध्य बिरामी गणेश जैशीलाई जेष्ठ नागरिक भत्ता समेत प्रदान गरेको दोहोरो भत्ता र राम ब. सिंह लाई कार्यविधि भन्दा बाहिर गएर कार्यपालिकाको निर्णयानुसार भत्ता भुक्तानी दिएको बढी व्ययभार परेको रकम नियमित हुनुपर्दछ।

गौ.भौ.न	नाम	रकम
७४-२०८१।०३।०२	गणेश जैशी	१६०००।
२- २०८१।०४।०७	राम ब. सिंह	५००००।

अनियमित भएको	६६,०००

२९ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले प्राइम बैङ्क लि. मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये बाँकी रहेको रु १०५७००। – लेखापरीक्षणले औंल्याएपछि बैङ्कमा फिर्ता गरेको देखिन्छ। वितरण नभई बाँकी रहेको रकम समयमै फिर्ता गर्नुपर्दछ ।

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस कार्यक्रम अन्तर्गत पालिकाले ७ वडामा ५७ योजना सञ्चालन गरी यस वर्ष सुचिकृत बेरोजगार संख्या २७४९ मध्ये ९४ जनालाई औषत १२३ दिनले ११५८२ दिन रोजगारी उपलब्ध गराई रु ५९०१०००। श्रमिक ज्याला खर्च गरेको छ । कुल ६० योजना रहेकोमा ५७ पुर्ण, २ भुक्तानी दिन बाँकी र १अपुर्ण भएको पाइयो । योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएको तथा कार्यान्वियन गर्दा कार्यपालिका बाट स्वीकृती समर्थन लिएको देखिएन । उपाध्यक्षको अध्यक्षतामा २०८०।१०।२५ मा वैठक बसी ६० योजना बनाई काममा लगाउने निर्णय गरेपनि वडाबाट योजना माग गरेको, प्राथमिकीकरण गरेको, छनौट गरेको विवरण पेश भएन । दफा २५ मा रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनु पर्ने व्यवस्था छ । पालिकाले औषतमा २-३ जनालाई समेटेर योजना संचालन गरेको पाइयोले यो कुरामा समेत ध्यान दिनुपर्ने देखिन्छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३१ **सामाजिक एवं आर्थिक लेखापरीक्षणः**

गाउँपालिका अन्तर्गतका सामूदायिक विद्यालयलाई सामाजिक एवं आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचयपत्र ब्यवस्थापन, विद्यलय तथ्याङ्क ब्यवस्थापन, वुलेटिन प्रकाशन क्रियाकलाप सञ्चालन अनुदान बापत अनुदान निकासा दिएकोमा उक्त विद्यालयहरुले

समामाजिक एवं आर्थिक लेखापरीक्षण गराई गाउँपालिकामा लेखारीक्षण प्रतिवेदन पेश गरेको देखिएन । तोकिए अनुसार लेखापरीक्षण गराइ लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ।

३२ **शैक्षिक तथ्यांकः**

गाउँपालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन पुस्तिका आ.ब.२०८०/८१ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ ।गाउँपालिकाले विद्यालयलाई तलव भत्ता लगायतका पाठ्यपुस्तक,छात्रवृती,सिकाई सामाग्री लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०८० भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था छ। विद्यालयले पेश गरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको गाउँपालिकाले निरन्तर अनुगमन,निरीक्षण गरी देखिएका तथ्यलाई अभिलेखिकरण गरी प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा गाउँपालिकाले उपलव्ध गराएको अनुदान रकम यथार्थ छ भनी आश्वस्त हुन सकिएन । कार्यक्रम कार्यान्वियन पुस्तीकामा उल्लेखित ब्यवस्थालाई पूर्ण रुपमा पालना गरी अनुदान निकाशालाई ब्यवस्थीत गर्नुपर्दछ।

३३ **छात्रवृत्तीः**

शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नँ. ७.२.१.१ अनुसार IEMIS मा प्रविष्टी भएको सँख्यालाई सत्यापन गराई विद्यार्थी सँख्या यकिन गरेर मात्र छात्रवृत्री अनुदान निकाशा गर्नुपर्नेमा सत्यापन गराई वास्तविक विद्यार्थी सँख्या यकिन गरेको आश्वस्त हुने प्रमाण पेश भएन। विभिन्न ३७ विद्यालयका विद्यार्थीहरुलाई छात्रवृती अनुदान निकाशा गरेकोमा नमुना छनौटको आधारमा परिक्षण गरिएका ३ विद्यालयमध्ये लामातोला मा.वि.लाई रु. ५८०००।– निकाशा दिएकोमा ११५ जनालाई रु.४६०००।– वितरण गरेको भर्पाई पेश भएकोले भर्पाई भन्दा वढि निकाशा रु.१२०००।-असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१२,०००

३४ **निशुल्क पाठ्यपुस्तकः**

गाउँपालिकाले ३७ विद्यालयलाई शुरुमा रु.२०,३६,४५१।– निकाशा गरेकोमा १८ विद्यालयलाई नपुग पाठ्यपुस्तक वापत थप रु.७,२७,७८३।- समेत रु. २७,६४,२३४।-निकाशा खर्च लेखेको छ। यस सम्वन्धमा थप ब्यहोरा देहाय अनुसार छ।

३४.१ शिक्षा विकास तथा मानव विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.४.६.१ मा उल्लेख भए अनुसार गाउँपालिकाले IEMIS मा सत्यापन गराई विद्यार्थीको यथार्थ विवरण,शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण तथा विद्यार्थीहरुले पाठ्यपुस्तक वुझेको भर्पाई, स्थानिय तहवाट हुनुपर्ने निरन्तर अनुगमन र सो अनुगमनवाट देखिएको विद्यार्थीको उपस्थीत हाजिरी अवस्थाको विवरणलाई समेत अभिलेखिकरण सहित श्रेस्ता अद्यावधिक गरी लाभग्राही विद्यार्थी तथ्याङ्कलाई यथार्थपरक वनाउनुपर्नेमा उल्लेखित ब्यवस्थाको पूर्ण पालना गरेको पाईएन। यसतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

३४.२ पुस्तक खरिद वील र निकाशा रकमको नमुना छनौटको आधारमा परिक्षण गरिएका ५ विद्यालय मध्ये देहाय वमोजिम विद्यालयलाई पाठ्यपुस्तक खरिद वील भन्दा रु.१२,७०८।- वढि निकाशा दिएको पाईयो। वाँकी विद्यालयको सम्वन्धमा गाउँपालिकावाटै यकिन गरी निम्नानुसार विद्यालयको पाठ्यपुस्तक खरिद वील भन्दा वढि निकाशा गरेको असुल गर्नुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	पेश खरिद वील रु.	निकाशा रकम रु.	वढि निकाशा
१.	महेश्वरी मा.वि.	४९८७८७	५०७७८६	८९८९
२.	कोटिखेत मा.वि.,बयाना	१५४४२७	१५७०२१	२५९४
३.	पाटादेवल मा.वि.	१५३८०२	१५४९१७	१११५
	जम्मा	८०७०१६	८१९७२४	१२६९८

असुल गर्नुपर्ने	१२,६९८

३५ **शिक्षण सिकाई अनुदानः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को २.७.१३.५मा डिजिटल सिकाई सामाग्री ब्यवस्थापनका लागी तोकिएवमोजिम प्रति विद्यार्थी विद्यालय अनुदान दिने ब्यवस्था अनुरुप ३७ विद्यालयलाई (महेश्वरी मा.वि.कृषी प्राविधिक धारको ६१ जना विद्यार्थीको लागी सिकाई सामाग्री अनुदान रु.९,१५,०००।-समेत) भौं.नं. १२७-२०८१।२।१ वाट रु.१९,९१,०००।– अनुदान निकाशा दिएकोमा उक्त अनुदानको सहि उपयोग भए नभएको प्रगती मुल्याङ्कन तथा अनुगमन प्रतिवेदन पेश भएन ।यस सम्वन्धमा देखिएका थप ब्यहोरा निम्नानुसार छन्

• कार्यक्रम कार्यान्वियन पुस्तिकाको वुदा नं २.६ मा स्थानिय तहले अनुदान वितरण गर्नु पूर्व तोकीएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गरी सिकाई सामाग्री, ल्याव असिष्टेन्टका पारिश्रमिक,उपकरण तथा प्रयोगात्मक सामाग्री ब्यवस्थापन र ब्यवहारिक अभ्यासका लागी प्रति विद्यार्थी रु.१५०००।- का दरले अनुदान दिनुपर्नेमा मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन नगरी महेश्वरी मा.वि.कृषी प्राविधिक धारको विद्यालयलाई एकमुष्ट अनुदान दिएको छ।

• उक्त अनुदान कार्यक्रमवाट १ जना ल्याव असिष्टेन्टका लागी पारिश्रमिकको ब्यवस्था गर्नुपर्नेमा कार्यालय सहायकको लागी मासिक रू.८०००। का दरले वार्षिक रु.१०४,०००।– भुक्तानी दिएको कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम देखिएन ।

• ब्यवहारिक अभ्यास कार्यान्वियन निर्देशिका २०७३ वमोजिम कक्षा १० पछि ३ महिनाको ब्यवहारिक अभ्यास गराउने जसका लागि प्रति महिना १ हजार रुपैयाका दरले निर्वाह खर्च सम्वन्धित विद्यार्थीको वैङ्क खातामा पठाउनुपर्नेमा ६१ जनाको लागी रू.३००० का दरले रू.१८३०००।–भर्पाईका आधारमा वितरण गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम देखिएन ।

• सम्वन्धित विद्यालयका प्रशिक्षक तथा वाह्य प्रशिक्षकवाट ब्यवहारिक अभ्यासका लागी एक पटक सहजीकरण तथा मूल्याङ्कन गर्ने कार्यका लागी भ्रमण खर्च उपलब्ध गराउनुपर्नेमा ब्यवहारिक अभ्यासको मूल्याङ्कन भएको पाईएन ।

• कृषी अनुभव आदानप्रदानका लागी चितवन तथा ईलाम लगायतका क्षेत्रको भ्रमण स्वरुप रु.५,१९,०००।–भ्रमण खर्च लेखेकोमा व्यवहारिक सिकाई भएको प्रमाण लेखापरीक्षणमा पेश भएन ।

कार्यक्रम कार्यान्वियन पुस्तिकाले निर्देश गरे अनुरुप कार्यक्रम कार्यान्वियन नगरी खर्च गरेको रु.९,१५,०००।-गरेको नियमित हुनुपर्दछ।

अनियमित भएको	९,१५,०००

३६ **कार्य जिम्मेवारीः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा विद्यालयहरुको दरबन्दी भित्रको शिक्षकहरुको लागी नेपाल सरकारवाट संघिय शसर्त अनुदानवाट तलब भत्ता उपलब्ध गराउने व्यवस्था छ। गाउँपालिकाको महेश्वरी माध्यमिक विद्यालयमा प्रा.वि.द्धितीय शिक्षकको रुपमा खडग राज जोशीलाई तलब भत्ता प्राप्त गर्दै आएको देखिन्छ। निजको दरबन्दीमा उक्त शिक्षकको काम काज गर्ने गरी गाउँपालिकाले सट्टा शिक्षकको रुपमा निर्मला कुमारी जोशीलाई नियुक्त गरी निज शिक्षक खडग राज जोशीलाई गाउँपालिकामा हाजिरमा राखी वार्षीक रु.७,४२,६१२। पारिश्रमिक भुक्तानी गरेको पाईयो। कार्यजिम्मेवारी विपरित कार्य गराई पारिश्रमिक भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	७,४२,६१२

३७ **निजी श्रोतका शिक्षकः**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को वुदा २.१(क)मा दरवन्दी मिलानवाट कायम भएको दरवन्दी, शिक्षक अनुदान कोटा(राहत)र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकको शिक्षक कितावखानावाट तलवी प्रतिवेदन पारित गराई सोको आधारमा विद्यालयको माग फारम भिडान गरी अनुदान निकाशा गराउने ब्यवस्था छ। पालिकाले निजी शिक्षक भर्ना/नियुक्ती गरी गाउँपालिका तर्फ वित्तिय समानिकरणवाट रु.२९,७४,३९२। निकाशा गरेको छ।विद्यालय शिक्षक दरवन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका शिक्षकलाई तलवभत्ता निकाशा दिएको तथा कूल शिक्षक दरवन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरी शैक्षिक गुणस्तर अभिवृद्धि हुने आश्वस्तता गरेर शिक्षक नियुक्ती गर्नुपर्ने रू.

अनियमित भएको	२९,७४,३९२

३८ **सेनिटरी प्याड वितरण ब्यवस्थापनः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८०को क्रियाकलाप नँ २.७.१३.२३ मा स्थानिय तहले सामुदायिक विद्यालयको ६ देखि १२ कक्षा सम्म अध्ययनरत सवै छात्राहरुका लागी निशुल्क सेनिटरी प्याड व्यवस्थाका लागी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूची १ वमोजिम तोकिएको न्युनतम मापदण्ड अनुसारको १० महिना अवधीका लागी उपलव्ध गराउनु पर्ने ब्यवस्था छ।साथै स्थानिय तहले विद्यालयवाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएको कार्यहरुको प्रतिवेदन तयार गरी स्थानिय तहमा पठाउनु पर्ने उल्लेख छ।यसका अतिरिक्त स्थानिय तहले प्रचलित कानुन वमोजिम खरिद गरी शैक्षिक सूचना प्रणालीको तथ्याँङ्कसँग भिडाई विद्यालयलाई आवश्यक हुने सँख्यामा उपलव्ध गराउनु पर्ने उल्लेख छ। गाउँपालिकाले भौ.नं.१६९-२०८१।२।३२ वाट सेनिटरी प्याड भेण्डीङ्ग तथा डिस्पोजल मेशिन खरिद स्वरुप रु. १६,४२,२३९।– वजेट खर्च गरेको छ।यस सम्वन्धमा निम्न ब्यहोरा रहेको छः

३८.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा दश लाख सम्मको लागत अनुमान मालसामान सोझै खरिद गर्न सकिने तथा नियम ८४ वीस लाख सम्म लागत अनुमान भएको मालसामान सिलवन्दीको माध्यमवाट खरिद गर्नुपर्ने ब्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐनको दफा ६९ मा सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सवै प्रक्रियामा विद्युतीय कार्यविधि प्रणाली मात्र अपनाउन सक्ने उल्लेख छ ।पालिकाले सेनिटरी प्याड तथा भेन्डिङ्ग मेशिन प्याकेजमा लागत अनुमान तयार गरी सिलवन्दी मार्फत खरिद गर्नुपर्नेमा रु.७,३२,२४०।– को सिलवन्दी दरभाउको माध्यवाट खरिद गरेको तथा रु.९,०९,९९९। भेन्डिङ्ग मेशिन सिलवन्दी कवोल गर्ने सप्लायर्स एन्जिला ट्रेड एण्ड सप्लायर्सवाट सोझै खरिद गरेको रकम नियमित हुनुपर्दछ।

अनियमित भएको	९,०९,९९९

३८.२ खरिद भएका देहाय वमोजिमका सेनिटरी प्याड लेखापरीक्षणको समयसम्म विद्यालयका सम्वन्धित छात्रालाई तथा भेण्डीङ्ग तथा डिस्पोजल मेशिन सम्वन्धित छात्राले प्रयोग गर्ने गरी वितरण नभई पालिकाको स्टोरमा भण्डारण भएको पाईयो। मौज्दातमा रहेका सामान उदेश्य अनुरुप वितरण गर्ने,सोको अनुगमन गर्ने र प्रतिवेदन लिने ब्यवस्था गरिनुपर्दछ। साथै मौज्दातमा रहने गरी खरिद गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ।

सामाग्रीको नाम	परिमाण	दर	रकम रु.
सेनिटरी प्याट	२७००	२७.१२	७३२२४०
भेण्डीङ्ग मेशिन	७	६४९९९.९९	४५४९९९
डिस्पोजल मेशिन	७	६५०००	४५५०००
जम्मा			१६४२२३९

३९ **न्यानो झोला खरिदः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ वमोजिम कार्यालयले खरिद आवश्यकताको पहिचान गरेर मात्र खरिद कारवाही अगाडी वढाउनु पर्दछ।गाउँपालिकाले यस वर्ष भौ.नं.२२१-२०८१।३।१९ (माधव सर्जिकल एण्ड ट्रेडर्स सप्लायर्स) वाट रु.१,९९,७८४ मा २०० थान न्यानो झोला खरिद गरेकोमा लेखापरीक्षण अवधी सम्म ७ थान निकाशा भई वाँकी स्टोरमा मौज्दात रहेको पाईयो ।मौज्दातमा रहेका सामान उदेश्य अनुरुप वितरण गर्ने र प्रतिवेदन लिने गरिनुपर्दछ। साथै मौज्दातमा रहने गरी खरिद गर्ने परिपाटीको नियन्त्रण हुनुपर्दछ।

प्रमाण पेश नगरेको	१,९९,७८४

४० **कृषक सूचिकरण तथ्याङ्क(कृषितर्फ):**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(५)मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई गर्ने विल भरपाई प्रमाण कागजात संलग्न गर्नुपर्ने उल्लेख छ।गाउँपालिकाले भौ.नं. २०८-२०८०।३।२४ वाट किसान सूचिकरण शिर्षकमा कलर प्रिन्टर ,ल्यापटप खरिद तथा भ्रमण खर्च वापत रु.२,४५,००।– वजेट खर्च लेखेको पाईयो।कृषक सूचिकरणको तथ्याङंक लेखापरीक्षणको क्रममा पेश भएन।कार्यक्रम अनुसार सुचिकृत कृषक तथ्याङ्कको प्रमाणित प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२,४५,०००

४१ **राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिताः**

४१.१ राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिताः राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को दफा ३ मा स्थानिय तहको प्रमुख वा निजले तोकेको खेलकूद विकास समितीको अध्यक्ष संयोजक रहने गरी स्थानिय स्तरमा रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना,सञ्चालन,ब्यवस्थापन तथा निर्देशन गर्न समिती गठन गर्ने र उक्त समितीले विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी प्रतियोगिता सञ्चालनको ब्यवस्था मिलाउने सोको लागी निश्चित मापदण्ड अनुसार लागत अनुमान स्वीकृत गरी दफा ९ वमोजिम खेलकूद सञ्चालन प्रक्रिया अनुसार सम्वन्धित सरोकारवालाहरुलाई सूचना सम्प्रेषण, सहभागी खेलाडी वा विद्यार्थीहरुको सहभागी फारम भर्ने लगायतका प्रक्रिया पुरा गरी खेलकूद सम्पन्न भएको ७ दिनभित्र तोकिएवमोजिमको ढाँचामा प्रगती प्रतिवेदन पेश गर्नुपर्ने ब्यवस्था छ।दुर्गा महालिङ्ग मा.वि.चौकमा २०८०।९।१४ देखि १८ सम्म गाउँपालिकाद्धारा सञ्चालित गाउँस्तरीय रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन गर्न दुर्गा महालिङ्ग मा.वि.चौकलाई भौ.नं.३२७-२०८१।३।७ वाट रु.३३५,२३०।– दिएको र भौ.नं७०-२०८०। ८।२९ वाट लामातोला मा.वि.लाई गत वर्षको भुक्तानी वाँकी रु. २२५,०००।- समेत रु.५,६०,२३०।– तथा जिल्लास्तरीय रनिङ्गशिल्ड प्रतियोगिताको लागी शिक्षा समानिकरणवाट भौ.नं १८०-२०८०।१२।१० वाट रु.८,०५,९७०।- र संघीय शशर्त रु.१,००,०००।- गरी रु. ९,०५,९७०।- वजेट खर्च गरेको छ।कार्यक्रमको विभिन्न क्रियाकलाप सञ्चालनको जिम्मेवार सदस्य नतोकी निश्चित मापदण्ड अनुसारको लागत अनुमान स्वीकृत गरी विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्ने गरी वजेट खर्च गरेको पाईएन ।निश्चित मापदण्ड वेगर खेलाडीको पोशाक,औषधी, गाडी भाडा,विविध खर्च जस्ता विषयमा खर्च भएको छ। विनियोजित रकमलाई अधिकतम रुपमा सदुपयोग गर्न निश्चित मापदण्ड अनुसारको लागत अनुमान स्वीकृत गरी सो अनुसार खर्च गर्नुपर्दछ।

४१.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली २०७७ को नियम ३९(५)मा खर्चको भुक्तानी गर्दा खर्च पुष्टयाँई हुने कागजात संलग्न हुनुपर्दछ। पालिकाले भौ.नं.१८०-२०८०।१२।१० वाट कार्यक्रम सञ्चालन स्वरुप खडक राज जोशीलाई.७,६९,३२०।- भुक्तानी गरेकोमा खेल अनुसारको प्रशिक्षक नियुक्ती तथा वन्द प्रशिक्षण हाजीरी वेगर देहायवमोजिमका पदाधिकारीलाई ५ दिनको प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा प्रमाण भए पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

विवरण	कर पछिको भुक्तानी रकम रु.
भिमवहादुर रोकाया	४२५०
मेखराज रावल	४२५०
हरी प्रसाद सोती	४२५०
शुरेश खड्का	४२५०
अञ्चल थापा	४२५०
गौरी कुमारी अधिकारी	४२५०
टिकाराम गिरी	४२५०
सञ्जु भण्डारी	४२५०
उत्तमराज जोशी	४२५०
अक्कल रोकाया	४२५०
जम्मा	४२५००

प्रमाण पेश नगरेको	४२,५००

४२ **पोषण कार्यक्रमः**

स्वीकृत विनियोजित वजेट खर्च गरी खरिद भएका सामानहरुको सहि उपयोग भए नभएको सम्वन्धमा कार्यालयले यकिन गर्नुपर्दछ। पालिकाले पोषण सुधारको लागी विपन्न समुदायका महिला समुह तथा सहकारीहरुलाई विपन्न सदस्यहरुको आयआर्जन सुधार कार्यक्रम अन्तर्गत भौ.नं. २४०-२०८०।३।३१ वाट रु. २,३३,०००।– को प्लाष्टिक टनेल तथा हजारी क्रमशः दश/दश थान खरिद गरेकोमा वितरण गरेको नपाईएकोले विपन्न सदस्य छनौटको आधार सहित उदेश्य अनुरुप वितरण गर्ने,सोको अनुगमन गर्ने र प्रतिवेदन लिने ब्यवस्थाको अवलम्वन गरिनुपर्दछ।

४३ **मापदण्डको पालनाः**

सार्वजनिक खर्चमा मितब्ययिता कार्यम गर्ने सम्वन्धी मापदण्ड २०७७ मा सार्वजनिक खर्चलाई मितब्ययी र नतिजामूखी वनाउन सार्वजिनक श्रोतको समुचित प्रयोग गर्नुपर्ने तथा सार्वजनिक निकायले अनुगमन भ्रमण टोली खटाउदा कामसंग सम्वन्धीत वढिमा ३ जना पदाधिकारी तथा कर्मचारी खटाउनुपर्ने उल्लेख छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा पालिकाले देहायवमोजिम अनुगमन खर्च लेख्दा मापदण्डको पालना गरेको पाईएन। आन्तरिक श्रोतलाई विचार नगरी आवश्यक पर्ने संख्या भन्दा बढी तोकिएभन्दा फरक ब्यक्तीले अनुगमन गरेको देखाई भत्ता खर्च लेख्न मिल्ने नदेखिएको रु

भौ.नं.	विवरण	कर पछिको रकम रु.
२०२-२०८१।३।१२ संघीय शशर्त स्वरोजगार आयोजनाहरुको अनुगमन	रोजगार संयोजक प्रकाश सुनार	९०००
	कृषी अधिकृत भुमिराज खत्री	४०००
	स्वकिय सचिव वरुण रोकाया	५०००
	प्रा.स. विकास कुमार सिंह	७०००
जम्मा		२५०००

(✂ ….. कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **६,८००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२५,०००

४४ **कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम**

४४.१ खप्तडछान्ना गाउँपालिका र हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८३ असार १६ सम्म कार्यान्वियन अवधि रहेको “कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम” संचालन गर्न कुल बजेट रु. ३,४२,८५,७१५। को ७० प्रतिशत रकम रु. २,४०,००,०००। गाउँपालिकाले बेहोर्ने गरी मिति २०८० मंसीर २८ गते सम्झौता गरेको पाइयो । यस सम्बन्धमा देखिएका बेहोराहरु निम्नानुसार छन।

• खप्तडछन्ना गाउँपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नु,

• प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई व्यवसायिक कृषि उद्यममा संलग्न गराउने, सामाजिक पूँजी निर्माण गर्ने, सानाकिसानहरुको वित्तिय पहुँच अभिबृद्धि गर्ने, उत्पादित उपजलाई बजारीकरण गर्न सहजिकरण गर्ने,

• निर्दिष्ट उद्देश्यमा आवद्ध महिलाहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिबृर्द्धि गर्ने, सुधारिएको कृषि तथा पशु व्यवसाय व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणवाट कृषि तथा पशु बस्तुहरुको उत्पादन उत्पादकत्व र उद्यमशिलता अधिबृद्धि गर्नु युवाहरुको रोजगारीको सृजनामा सहयोग गर्नु

• कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकासको लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरणको सिर्जना गर्नु ।

परियोजनाको व्यवस्थापन नेतृत्व र कार्यान्वियनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात प्रगतिशिल युवा समाज मार्फत सम्पादित कामको गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा पालिकाले सो परियोजनाका नाममा २०८०/८१ मा रु. ५२८६९२०। खर्च लेखेको छ । परियोजनाको सम्झौता, सोको कार्यान्वियनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र परियोजनामा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

४४.२

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराएर मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि र पशु विकासमा आधारित साना किशान तथा युवा उद्यमशीलता कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले अनुमानित लागतको ७० प्रतिशत खर्च रु. २,४०,००,०००। बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन,

२०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो परियोजना कार्यान्वियन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानूनसम्मत देखिएन ।

- आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ । सम्झौताबमोजिम निम्नानुसार पशु र कृषि उद्यमशीलताका ३ क्षेत्र पशु खरिद तथा ढुवानी, बागवानी तथा ढुवानी, तथा कृषि सामाग्री र यन्त्रका लागि अनुमानित लागत रु. ३ करोड ४२ लाख ८६ हजारको ४५.१५ प्रतिशतले रु. १ करोड ५४ लाख ८१ हजार तथा ती मुख्य कृयाकलाप परिचालनको लागि भने तालिम, भ्रमण, तलब, प्राविधिक सेवालगायतमा अनुमानित लागतको ५४.८५ प्रतिशतले रु. १ करोड ८८ लाख ५ हजारको सम्झौता गरेको पाईयो ।
-

क्र. सं.	**बजेट शीर्षक र कार्यक्रम**	**अनुमानित बजेट रु. (०००)**	**बजेट प्रतिशत**
	उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत		
१	पशु खरिद तथा ढुवानी	५१००	१४.८७
२	बागवानी तथा ढुवानी	२६१०	७.६१
३.	कृषि सामाग्री तथा यन्त्र	७७७१	२२.६७
	जम्मा (क)	**१,५४,८१**	४५.१५
	कार्यक्रम संचालन खर्च		
४.	भ्रमण	१५,७६	४.६०
५.	तालिम	३५९०	१०.४७
६.	प्राविधिक सेवा तथा मूल्यांकन	९१,८९	२६.८०
७.	तलब तथा सुविधा	२९,८८	८.७२
८.	कार्यक्रम खर्च	१४,६२	४.२६
	जम्मा (ख)	**१,८८,०५**	५४.८५
९.	**कुल अनुमानित लागत (क+ख)**	**३,४२,८६**	**१००.००**

गाउँपालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखालगायतका विषयगत क्षेत्र हेर्ने सांगठानिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा गाउँपालिका आफैले सो परियोजना संचालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहीपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन । कृषि र पशुका लागि कुल बजेटको ४५.१५ प्रतिशत र सो कार्यक्रम परिचालनका लागि ५४.८५ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो परियोजनाका लागि ३० प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । गाउँपालिका आफैले सो कार्यक्रम कार्यान्वियन गरेको भए सोका लागि गाउँपालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मूल्यांकन समेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन ।यो वर्ष गाउँपालिकाले उद्यमशीलता

परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई रु. ५२८६९२०। भुक्तानी गरेकोमा सम्झौतामा विस्तृत कृयाकलापगत बजेट उल्लेख नगर्नाले सो खर्चको विश्लेषण गर्न सकिने अवस्था रहेको पाइएन । लक्षित कार्यक्रम भन्दा संचालन लागत बढी हुने गरी यस्ता परियोजनामा लागत स्वीकृत गर्ने र सम्झौता गर्नेलाई जिम्मेवार बनाई संभाव्यता र विस्तृत अध्ययन बेगरका यस्ता परियोजना संचालन गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

४४.३

- सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । गाउँपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वियन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था प्रगतिशिल युवा समाज मार्फत गराएको छ । पहिलो पक्षको गाउँपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै परियोजनाको कार्यान्वियन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वियन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ अनुसार गाउँपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने उल्लेख छ। सो परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई उपलब्ध गराएको बजेट र सोबाट गरिएका खर्च सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ बमोजिम हुने गरी निर्धारण र कार्यान्वियन गराएको पाइएन । साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख गरे तापनि गाउँपालिकाको स्रोतको परिचालन र खर्च गर्न गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाललाई दिँदा सो अनुसार गरेको पाइएन ।यसले गर्दा यो वर्ष खर्च लेखेको रु. ५२८६९२०। मध्ये निर्माण कार्य, वस्तु वा सेवामा लागेको खर्चको खरिद कार्य प्रतिष्पर्धी, स्वच्छ, मितव्ययी र विवेकपूर्ण ढंगबाट अधिकतम प्रतिफल हासिल हुने गरी गरेको यकिन गर्न सकिएन । साथै, सोही ऐनको दफा ७३(३) बमोजिम प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्थाको पनि पालना गरेको नदेखिदा तथा संघीय खरिद ऐनबमोजिम खरिद गुरू योजना र वार्षिक खरिद योजना नबनाई परियोजनाका लागि ऐनबमोजिमको प्रकृया नअपनाई हेफर प्रोजेक्ट नेपालमार्फत् गरिएको खरिद कार्य नियमित, मितव्ययी र दक्षतापूर्ण रहेको भन्ने आधार पाइएन ।सो सम्बन्धमा जिन्सी दाखिलासहित खरिद कार्य मितव्ययी र नियमित रहेको पुष्टयाई पेश गर्नुपर्दछ ।

४४.४

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यिन गर्नुपर्ने व्यवस्था छ। यस परियोजना वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी परियोजना स्वीकृत गरेको छ । परियोजनामा लाग्ने कार्यक्रमगत खर्चको भार गाउँपालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वियनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्य सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि कानूनबमोजिम रहेको पाइएन। आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद कानूनको पालना र जवाफदेहिताको सुनिश्चितता हुने गरी गैरसरकारी संस्थामार्फत् सार्वजनिक श्रोत खर्च गर्न गराउन आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरी र कार्यालयका सम्बन्धित अधिकारीको संलग्नता बेगर गरेको खर्च नियमसम्मत् रहेको भनि यकिन गर्न सकिएन । सम्झौतामा

नरहेको खोर निर्माण जस्ता प्राविधिक कार्य गर्न हेफर प्रोजेक्ट नेपाल र प्रगतिशिल युवा समाजसँग सम्बन्धित जनशक्ति नरहेको अवस्थामा पनि सो कार्य गराएको पाइयो । सार्वजनिक खरिद र आर्थिक कार्यविधि कानूनसँग अमिल्दो हुने गरी सम्झौता गर्ने जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई आगामी दिनमा यस्ता सम्झौता गर्न नमिल्ने र गरेको भए त्यस्ता शर्त रद्द गरी योजना कार्यान्वयन तथा व्यवस्थापन पक्षलाई कानूनसम्मत्, मितव्ययी, तथा जवाफदेहीपूर्ण बनाउनुपर्दछ ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन गाउँपालिका आफैले गर्नुपर्नेमा हेफर प्रोजेक्ट नेपालबाट गराएको पाइयो । गाउँपालिकाले कृषि र पशु उद्यमशीलता परियोजना गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गर्ने गरी सम्झौता गर्दा सो कार्य पालिका आफैले गर्न सक्ने नसक्ने विश्लेषण गरेको पाइएन ।सो परियोजना संचालन गर्न क्षमताको कमी भएको भए कानूनबमोजिम बाह्य पक्षबाट गराउँदा पालिकाका कर्मचारीको ज्ञान र सीप हस्तान्तरण हुने व्यवस्था गर्नुपर्नेमा सो गरेको पनि पाइएन। सार्वजनिक स्रोतबाट संचालित कार्यक्रमको कार्यान्वयनमा पालिकाको आधिकारिक संलग्नता नरहनाले परियोजनाका लाभग्राहीलाई बाख्रालगायतका वस्तु वा सेवा वितरण गरेकोमा सोको प्रदायक पालिका नभई गैरसरकारी संस्था हेफर रहेको भन्ने बुझाई व्याप्त रहेको हुँदा पालिकाले सोको जस प्राप्त गरेको स्थिति छैन । स्थानीय कर्मचारीको संलग्नता र कार्यक्रमगत अभिलेखको अभावमा सो कार्यक्रम आवश्यक भएमा पालिका आफैले अगाडि बढाउन कठिनाई हुने हुँदा यस्ता योजना र कार्यक्रम संचालनका विधि कानूनसम्मत र उपलब्धिमूलक हुने गरी तय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ ।

४४.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानूनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम कार्यान्वयनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको दफा ७.२.२ बमोजिम पेश्की दिएको पाइयो । सम्झौताको उक्त दफामा पहिलो पक्ष पालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत रकम निकासा गर्ने उल्लेख छ । यस वर्षान्तमा पेश्की बाँकी नरहे तापनि जमानत बेगर पेश्की दिँदा सोको अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्कीका लागि छुट्टै बैंक खाता नखोली पेश्की उपलब्ध गराएको र मासिक रूपमा खर्चको फाँटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन । आर्थिक कार्यविधि कानूनको प्रावधान विपरीत जमानत बेगर पेश्की दिन मिल्ने व्यहोरा सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्थासँग बेमेल हुने गरी पेश्की दिनेलाई जिम्मेवार बनाई कानूनबमोजिम बाहेक सुरक्षण बेगर पेश्की दिने कार्य बन्द गर्नुपर्दछ । सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधि कानूनबमोजिम पेश्की रकमलाई अन्यत्र प्रयोग गरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गर्नुपर्ने प्रावधान रहेबमोजिम मासिक बैंक विवरणका आधारमा पालिकाले दिएको पेश्की रकम प्रयोग गरेको अवस्था यकिन गरी अन्यत्र रकम परिचालन गरेको भए सोमा ब्याज असुल गर्नुपर्दछ।

४४.६ अग्रिम कर : आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतका दरले करकट्टी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले “कृषि र पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम” लागि यो वर्ष हेफर प्रोजेक्ट नेपाललाई भौ नं ४९। ०८१।३।२२ प्रदेश सरकारकार हस्तान्तरित चालु वाट रु ३५०००००। र ४२१।०८१।३।२३ गाउँपालिका चालुबाट रु.१७८६९२०।०० समेत रु ५२८६९२०।०० भुक्तानी खर्च लेखेकोमा हेफर प्रोजेक्ट नेपालले मूल्य अभबृद्धि कर विजक जारी नगरेको अवस्थामा ऐन बमोजिम १५ प्रतिशतका दरले हुने कर रु ७९३०३८। कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा कट्टी नगरेकोले असूल गरी राजश्व दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	७,९३,०३८

४५ एक्साभेटर खरिद

वित्तिय समानिकरण अनुदान बजेट शिर्षकवाट रु१४००००००। बजेट विनियोजन गरी सोही रकम बराबरको लागत अनुमान तयार गरी एक्साभेटर र ब्रेकर खरिद कार्यको ठेक्का व्यवस्थापन गर्दा भाजुरत्न ऐजेन्सी प्रालिले कवोल गरेको रु १२५०००००।०० मा सम्झौता मितिले ३० दिन भित्र आपूर्ति गर्ने गरी २०८०।९।१३ मा सम्झौता भएको र रु १२५४६७२३।– भुक्तानी भएको खरिद कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

४५.१ (१११-२०८१-१-३०):

बढी भुक्तानी – कार्यालयले सप्लयासर्ससंग भएको सम्झौता र विल विजक अनुसार भुक्तानी गर्नु पर्दछ । आपूर्तकसंग भएको सम्झौतामा २ वटा फ्रि सर्भिसङ गर्ने र सर्भिसिङ गर्दा आवश्यक पर्ने फिल्टर, पार्टपुर्जा र लुव्रविकेन्ट्स आपूर्तिकर्ताले नै व्यहोर्ने रहेकोमा लुव्रविकेन्ट्स र ढुवानी खर्चको रु ४६७२३। को विल आपूर्तिकर्ताले पेश गरेको आधारमा मू अ कर समेत रु ४६७२३। भुक्तानी गरेकोले सम्झौता विपरित भुक्तानी भएको रकम सम्बन्धितवाट असूल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	४६,७२३

४५.२ (१११-२०८१-१-३०):

पूर्व निर्धारित क्षतिपूर्तिः सार्वजनिक खरिद नियामावली २०६४को नियम १२१को उपनियम १ क मा आपूर्तीकर्ता सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। आपूर्तिकर्ता भाजुरत्न ऐजेन्सी प्रालिले सम्झौता मितिले ३० दिन भित्र आपूर्ति गर्ने गरी २०८०।९।१३ मा सम्झौता भएकोमा सम्झौता अनुसार २०८०।१०।१२ भित्र सामानको जाँचबुझ गराई स्पेशिफिकेशन बमोजिमको सामान जिन्सी दाखिला हुनुपर्नेमा २०८०।११।२७ मा मात्र आपूर्ति गरेको देखिएकोले ढिला गरेको दिन ३७ को ०.०५ प्रतिशतले हुने रु २३१२५०। असूल हुनुपर्ने देखिएको रू.

असुल गर्नुपर्ने	२,३१,२५०

४५.३ (111-२०८१-१-३०):

धरौटी कट्टी नगरेको – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपनियम ४ बमोजिम सार्वजनिक निकायले विल विजक भुक्तानीमा पाँच प्रतिशत रकम कट्टा गरी रिटेन्सन वापत राख्नु पर्ने व्यवस्था छ । पालिकाले उल्लेखित ठेक्का सम्झौताको करार गर्दा रिटेन्सन मनी सम्बन्धमा उल्लेख नगरेको तर यस सम्झौतामा उल्लेख नभएका कुरा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित ऐन बमोजिम हुने उल्लेख गरेकोमा कार्यलयले भुक्तानी गरेको रकम रु १२५०००००। को पाँच प्रतिशतले हुने रु ६२५०००। कट्टा नगरेकोले सम्झौता र ऐन नियमावली बमोजिम नदेखिएको रू.

प्रमाण पेश नगरेको	६,२५,०००

४६ **घाटखोला लम्तडा सडक निर्माण**

लागत अनुमान रु ४७२६१३१।७३ रहेको घाटखोला लम्तडा सडक निर्माण कार्य शुभकामना कन्स्ट्रक्सन बझाङले कवोल गरेको रु २५३३१३७।२७ मा मिति २०८१।३।१० मा सम्पन्न गर्ने गरी मिति २०८०।१०।१८ मा सम्झौता भई रु २४८३०८१।–भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्
;

४६.१ कार्य स्वीकार प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(१) मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, उपनियम(२) मा उल्लेखित प्रावधान पुरागरी उपनियम(३) अनुसार सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरी भुक्तानीको लागि आर्थिक प्रशासन शाखा वा निकायमा पठाउनु पर्ने व्यवस्था छ ।उल्लेखित कार्यको भौ.नं. ४२५-२०८१।३।२३ बाट रु. १५८९७८१।- अन्तिम भुक्तानी दिएकोमा नियमले व्यवस्था गरेको कार्य स्विकार प्रतिवेदन जारी नगरी कार्य सम्पन्न प्रतिवेदन बनाई भुक्तानी गरेको पाइयो । कार्य

स्वीकार प्रतिवेदन बेगर निवेदनको आधारमा अन्तिम विलको भुक्तानी दिंदा त्रुटी सच्याउने अवधि कहिले देखि कहिले सम्म रहने, कार्य सम्पन्न प्रतिवेदन कहिले जारी गर्ने भन्ने जस्तो दुविधा हुने देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।

४६.२ (४२५-२०८१-३-२३):

विल विजक- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको प्रोभिजनल समको विमा वापत रु ५५०००। भुक्तानी दिएकोमा विमा पोलिसी तथा कर विजक वेगर भुक्तानी दिएकोले सक्कल विमा पोलिसी तथा कर विजक पेश गर्ने अन्यथा असूल हुनुपर्ने रू.

प्रमाण पेश नगरेको	५५,०००

४६.३ (४२५-२०८१-३-२३):

बढी भुक्तानी – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(३) मा सार्वजनिक निकायले रनीङ विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा भएको बास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था । उल्लेखित योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसार रु २४६३८४१। वारवरको कार्य भएकोमा भौ नं २६-२०८१।१।३० र ४२५-०८१।३।२३ वाट रु २४८३०८१। भुक्तानी दिएकोले वास्तविक काम भन्दा बढी भुक्तानी दिएको रु १९२४०। सम्बन्धितवाट असूल हुनुपर्ने रू.

असुल गर्नुपर्ने	१९,२४०

४७ गुणस्तर परिक्षण र नियन्त्रणः

सार्वजनिक खरिद ऐन २०६३ को दफा ६३(१ग) र सो को नियमावलीको नियम १११(१ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्ने ब्यवस्था छ । ठेक्का सम्झौताका दफाहरुले गुणस्तर माथी कार्यालय प्रमुखको प्रत्यक्ष नियन्त्रण रहने ब्यवस्था गरेको छ।पालिकाले यस वर्ष रु.९,४०,१७,८५०।-को पूजीगत खर्च गरेकोमा गुणस्तरीय निर्माणको लागी गुणस्तर आश्वस्तता योजना (Quality Assurance Plan) तयार गरी जनशक्ती सहितको प्रयोगशाला स्थापना गर्नुपर्नेमा नगरेको,निर्माण कार्यमा गरिएका नमुना परिक्षणहरु सिलवन्दी परिक्षणको अधारमा गर्नुपर्नेमा खुला नमुना प्रयोग गरेको,प्राविधिकहरु निर्माणस्थलमा उपस्थीत भई निरिक्षण अभिलेख र साईट डायरी राखी कामको गुणस्तर कायम गर्नुपर्नेमा निरिक्षण अभिलेख र साईट डायरी राख्ने जस्ता गुणस्तर परीक्षण भएको सुनिश्चित हुने अभिलेख राखेको पाईएन।निर्माण ब्यवसायीलाई गुणस्तर आश्वस्तता योजना पेश गर्न लगाई त्यसको आधारमा सिमेन्ट,डण्डी,ईटा,ढुङ्गा,गिट्टी,वालुवा,जि.आई.तार,कंक्रीट क्युव लगायतका निर्माण सामाग्रीको गुणस्तर परिक्षण गरी उक्त परिक्षणवाट उपयुक्त देखिएका गुणस्तरयुक्त निर्माण समाग्री प्रयोग गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

४८ वडा नं १ को वडा कार्यालय भवन

लागत अनुमान रु ४८८०५९१। रहेको वडा कार्यालय भवन निर्माण कार्य जय मष्टा निर्माण सेवाले कवोल गरेको रु ३१४०१८२।०० मा २०८१।३।१०भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।१०।२८ मा ठेक्का सम्झौता भएको र रु २८२९४५०।— भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

४८.१ **पहिलो सूचनाको ठेक्का रद्द** – सार्वजनिक खरिद ऐन २०६४ को दफा २३ मा वोलपत्र परीक्षणको मूल्याँकन गर्नु अघि वोलपत्र सम्बन्धी कागजातमा वोलपत्रदातालाई दिएको निर्देशन अनुसार वोलपत्र पूर्ण भए वा नभएको मूल्याँकन गर्नुपर्ने र उपदफा ४ मा वोलपत्रको परीक्षण गर्ने सिलसिलामा वोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सकिने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको लागि २०८०।५।११ मा सुचना प्रकाशन गर्दा ३ वोलपत्रदाताले प्रस्ताव पेश गरेकोमा रैका निर्माण सेवाले ३५४५८१६। र ओडिखेत निर्माण सेवाले ३६१०४३१। कवोल गरेको देखिन्छ । वोलपत्रदातालाई वोलपत्र पेश गर्न दिएको निर्देशनमा वोलपत्रदाताले २०७९।८० को कर चुक्ता प्रमाण माग गरेकोमा रैका निर्माण सेवाले २०७८।७९ को करचुक्ता पेश गरेको कारण रैका निर्माण सेवाको वोलपत्र रद्द गरी ओडिखेत

निर्माण सेवालाई ठेक्का दिने निर्णय गरेको पाईयो । रैका निर्माण सेवले २०८०।७।१० मा छानविन गरीपाउँ भनी निवेदन दिएको र कार्यालयले सार्वजनिक खरिद अनुगमन कार्यालयमा २०८०।७।१३ मा राय माग गरे पनि कुनै राय प्राप्त भएको देखिएन । सूचना प्रकाशन गर्दा २०७९।८० को कर दाखिला र कर चुक्ता गर्ने अवधि बाँकीनै रहेको तर सूचनामा उल्लेख भएको कर चुक्ता पेश गर्नु पर्ने अवधि वाँकी नै रहेको अवस्थामा कार्यपालिकाको मिति २०८०।९।२ को निर्णयले ठेक्का रद्द गरी पुन सूचना प्रकाशन गरी ठेक्का व्यवस्थापन गर्दा सूचना प्रकाशन र मूल्याँकनमा रु ४९६४६१।खर्च भएको देखिन्छ । वोलपत्रदातलाई वोलपत्र पेश गर्दा दिईने निर्देशन स्पष्ट र कानूनसम्मत हुनुपर्दछ ।

४८.२ अधुरो कार्य - निर्माण व्यवसायीसंग भएको सम्झौताको शर्त अनुसार समयमै काम सम्पन्न गर्नुपर्दछ । उल्लेखित निर्माण कार्यको पुन सूचना गरी ठेक्का व्यवस्थापन गर्दा जय मष्टा निर्माण सेवाले कवोल गरेको रु ३१४०१८२।०० मा २०८१।३।१० भित्र कार्य सम्पन्न गर्ने गरी २०८०।१०।२८ मा ठेक्का सम्झौता भएको निर्माण कार्यको पहिलो मूल्याँकन अनुसार रु २८२९४५०।काम भई भुक्तानी भएको छ । निर्माण व्यवसायीसंग भएको सम्झौतामा कार्यतालिका पेश नभएको, समयमै कार्य गराउन निर्माण व्यवसायीलाई सचेत नगराएको तथा सम्झौताको म्याद समाप्त भएकोमा म्याद थप नभएको तथा इलेक्ट्रिफिकेशन तथा स्यानिटेशन लगायत रु ३१०७३२। वारवरको कार्य वाँकीनै रहेकोले उपयुक्त व्यवस्था गरी निर्माण कार्य सम्पन्न गरिनु पर्दछ ।

४८.३ निर्माण स्थल- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थल व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुखविरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई तथा प्रचलित कानून बमोजिम गर्नुपर्ने प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। ठेक्का रद्द गर्ने निर्णय गर्दा कार्यपालिकाको मिति २०८०।९।२ को निर्णय अनुसार निर्माण स्थलमा जग्गाको विवाद समेत रहेको निर्णय भएको देखिंदा पालिकाले निर्माण स्थलको व्यवस्थापन नभई ठेक्का गरेको देखिंदा निर्माणस्थलको व्यवस्थापन गरेर मात्र ठेक्का व्यवस्थापन गरिनु पर्दछ।

४९ **१० शैया अस्पताल निर्माण कार्य**

लागत अनुमान रु १२१७१०८५०। रहेको १० शैया अस्पताल निर्माण कार्यरोयल पिएस जेभीले कवोल गरेको रु ८८०५९१२९।०० मा म्याद थप समेत २०८१।९।३०भित्र कार्य सम्पन्न गर्ने गरी २०७९।१।१३ मा ठेक्का सम्झौता भएकोमा रु ५०५७०३२।भेरिएसन पश्चात रु ९३११६१६१।०० सम्झौता रकम कायम भएको तथा मूल्य समायोजन रु ५०२४५४०। समेत रु ८१६१०६६९।— भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

४९.१ **थप कार्यसम्पादन जमानत** - आयोजनाको कार्य गर्दा भेरिएसन आबश्यक परी भेरिएसन स्वीकृत भई सम्झौता रकम थप भएकोमा थप सम्झौता रकम रु ५०५७०३२। को मर्मत संभार गर्नु पर्ने अवधि खाम्ने गरी गरी ५ प्रतिशत रु २५२८५१। कार्यसम्पादन जमानत थप गर्नुपर्नेमा सो गरेको पाईएन । भेरिएसन भई सम्झौता रकम थप भएकोले त्रुटी सच्याउने अवधि खाम्ने गरी कार्यसम्पादन जमानत थप गरेको प्रमाण पेश गर्नुपर्ने भनी लेखापरीक्षणले औंल्याएपछि नविल वैंकको १२ फेब्रुअरी २०२६ सम्म म्याद भएको कार्यसम्पादन जमानतको थप जमानत पेश गरेको छ ।

४९.२ **कार्यसम्पादन जमानतको अवधि** - सार्वजनिक खरिद निमयावली २०६४ को नियम ११०(१ तथा ४) बमोजिम वोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको ढाँचामा मालसामान आपूर्ति वा हस्तान्तरण गर्नुपर्ने अवधि वा वारेण्टी अवधि वा त्रुटी सच्याउनु पर्ने अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको कार्यसम्पादन जमानत पेश भएपछि सम्झौता गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको प्रमुख प्रशासकिय अधिकृतको मिति २०८१।१।४ को निर्णयले २०८१।९।३० सम्म म्याद थप गर्दा २०८२।१०।३० सम्म अवधि रहेको कार्यसम्पादन जमानतको म्याद थप भए पश्चात मात्र ठेक्को म्याद थप गर्नुपर्नेमा कार्यसम्पादन जमानतको अवधि २०८२।४।३० सम्म मात्र रहेको अवस्थामा समेत म्याद थप गरेकोले त्रुटी सच्याउने अवधि खाम्ने गरी म्याद थप गरेको प्रमाण पेश हुनुपर्दछ ।

४९.३ **भेरीएसन आईटमको मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ५५ बमोजिम १२ महिना भन्दा बढी सम्झौता अवधि रहेको निर्माण कार्यको नियमावली र सम्झौताको शर्त अनुसार मुल्य समायोजन दिन सकिने व्यवस्था छ । कार्यपालिकाको मिति २०७९।१२।१३ को निर्णय अनुसार जमिनको अवस्था भिरालो भई वरावर लेवलमा ल्याई वेश लेभल देखि कटान गर्नुपर्ने र विओक्यूको

परिमाण भन्दा फरक भई थप २७६२५ घमी कटान गर्नुपर्ने भनी प्राविधिकको प्रतिवेदन अनुसार प्रति घमी रु १८०।०२ मू अकर बाहेकको लागत अनुमान बनाई निर्माण व्यवसायी रोयल पिएस जेभी संग वार्ता गरी प्रति घमी रु १६२। मू अकर बाहेकमा सम्झौता गरी कार्य गराएको पाईयो । कार्यालयले तेस्रो रनिङ विलसम्मको मूल्य समायोजन भुक्तानी दिंदा भेरीएसन रकम घटाई अनुसूचीमा उल्लेख भएको रु.४४७६८६४। मात्र भुक्तानी दिनुपर्नेमा रु.५०२४५४०। भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.५४७६७६। यकिन गरी असूल गर्नुपर्ने रू.

(विस्तृत विवरण बेरूजु दफा ४९.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	५,४७,६७६

५० **प्रशासनिक भवन निर्माणः**

लागत अनुमान रु.५,०७,९५,४९५।०९ रहेको पालिकाको प्रशासकिय भवन पहिलो तल्ला थप कार्य चन्द्रविकास सनराईज जें.भी.ले कवोल गरेको (भेरियशन समेत) रु. ४,६५,२६,६७८।०४ मा २४ महिना भित्र सम्पन्न गर्ने गरी २०७९।१०।९ मा सम्झौता भई २०८०।९।२५ मा सम्पन्न भएको निर्माण कार्यका सम्वन्धमा देखिएका ब्यहोराहरु निम्न छन्

५०.१ **वढि भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकालयले रनिङ्ग विल वा अन्य कुनै वील वीजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम भुक्तानी गर्नुपर्ने ब्यवस्था छ। पालिकाले भेरियशन पश्चात अन्तीम वीलको मुल्याङ्कन रु.४,६५,२६,६७८।०४ भएकोमा विभिन्न भौचरवाट रु.४,६६,५४,६११।– भुक्तानी भएकोले वढि भुक्तानी भएको रु.१,२७,९३३।– असुल गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	१,२७,९३३

५०.२ सोझै खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा बीस लाख रुपैया भन्दा वढिको निर्माण कार्य वोलपत्रको माध्यमद्धारा गर्नुपर्ने ब्यवस्था छ। पालिकाले सम्झौता पश्चात ३.३३ प्रतिशत भेरियशन गरी चन्द्रविकास सनराईज जें.भीसंग थप काम गराएको छ।तर सोही भवनमा छुट काम भनी रु. २९,५३,२२८।- वरावरको मार्वल विछ्याउने,कलरिङ्ग,रेलिङ्ग,अगाडी गेटको दायाँ साईडमा पर्खाल लगाउने कार्य विभिन्न ब्यवसायी मार्फत निम्नानुसार सोझै खरिद गरेको पाईयो। यसरी सोझै खरिद गरेको रकम नियमित हुनुपर्दछ।

कामको विवरण	ब्यवसायीको नाम	रकम रु.
प्रशासनिक भवन तला थप टायल,प्लाष्टर कार्य	चन्द्रविकास/यज्ञ लक्ष्मी जे.भी.	९९६९०१
प्रशासनिक भवन तला थप कलरिङ्ग,रेलिङ्ग तथा अन्य कार्य	कालिजेल निर्माण सेवा	९८३३५३
प्रशासनिक भवन अगाडी गेटको दायाँ साईडमा पर्खालि लगाउने कार्य	सनराईज कन्स्ट्रक्सन	९७२९७४
जम्मा		२९५३२२८

अनियमित भएको	२९,५३,२२८

५१ **छान्ना सडक सुधारः**

लागत अनुमान रु.१,०६,६२,३०७।– रहेको छान्ना सडक सुधार कार्य शुभकामना कन्स्ट्रक्सनले कवोल गरेको रु. ५८,०५,७८५ मा २०८१।३।१० भित्र सम्पन्न गर्ने गरी २०८०।१०।१८ मा सम्झौता भई हालसम्म रु.४६,८१,३९४।– भुक्तानी भएको सम्वन्धमा देखिएका ब्यहोराहरु निम्न छन्

५१.१ **वीमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा ब्यवस्था भएकोमा वाहेक वीस लाख रुपैया भन्दा वढि निर्माण कार्य गर्ने निर्माण ब्यवसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार लगायत निर्माण कार्यको वीमा गराउनुपर्ने उल्लेख छ साथै सम्झौताको विशेत शर्तको १९.१ मा निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार लगायत निर्माण कार्यको सम्झौता

रकमको ११५ प्रतिशत वीमा गर्नुपर्ने उल्लेख भएकोमा निर्माण ब्यवसायीले निर्माण सामाग्री,प्रयोग गरिने मेशिन,औजार लगायत निर्माण कार्यको वीमा गरेको पाईएन।नियमावली तथा सम्झौताको शर्त वमोजिम सम्भावित जोखिम न्युनीकरणको लागी वीमा गराउनुपर्दछ।

५१.२ **अधुरो निर्माण कार्यः** सार्वजनिक नियमावली २०६४ को नियम १२० मा म्याद थप सम्वन्धि ब्यवस्था छ। उल्लेखित निर्माण कार्यको म्याद समाप्त भएको र निर्माण कार्य समेत अधुरो रहेको छ। उल्लेखित निर्माण कार्यको म्याद समाप्त भएको र निर्माण कार्य समेत अधुरो रहेको छ।सालवसाली रुपमा सम्पन्न गर्ने गरी ठेक्का ब्यवस्थापन भएकोमा निर्माण ब्यवसायीलाई म्याद भित्र कार्य सम्पन्न गराउन पालिकाले ताकेता गरेको समेत देखिएन।सम्झौता र प्रचलित कानुन वमोजिम कारवाही गरी योजना सम्पन्न गराउनुपर्दछ।

५१.३ **क्रस सेक्सनः** सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा work design तयार गर्नुपर्दछ। उल्लेखित निर्माण कार्यमा नया कटिङ,विस्तार,नाला,ग्यावियन जाली,रिटेनिङ् वाल,१४ वटा ह्युम पाईप जस्ता स्टक्चरको कार्य भएकोमा work design तयार नगरेकोले वास्तविक भए गरेका कार्यको सम्वन्धमा स्पष्ट हुन सकिएन।निर्माण कार्यको ठेक्का ब्यवस्थापन गर्दा work design तयार गर्नुपर्दछ।

५२ **वित्तिय समानिकरणवाट चालु खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । पालिकाले योजना तथा कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गर्ने र सभावाट पारित गरी कार्यान्वियन गर्नुपर्दछ । पालिकाले पेश गरेको विववरण अनुसार पालिकाको नियमित प्रकृतिका संचालन खर्च, तालिम, गोष्ठि, मसलन्द, खेलकूद कार्यक्रम, पशु र कृषि सम्बन्धि चालु प्रकृतिका कार्यक्रम, दलित शसक्तिकरण कार्यक्रम, स्वास्थ्य कार्यक्रमको तालिम, बैठक, समिक्षा गोष्टि लगायतमा ६६ वटा गोश्वारा भौचरवाट रु १६२४५१६९। खर्च लेखेको छ । पालिकाले आफ्नो आन्तरीक आयलाई ख्याल नगरी तथा योजना तर्जुमाको आधार र वित्तिय समानिकरण बाट चालु प्रकृतिको खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५३ **खर्च अनुपातः**

समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७७ को दफा ६ मा स्थानिय तहमा संघीय समपुरक अनुदान अन्तर्गत सञ्चालन गरिने छनौट भएको योजनाको लागी नेपाल सरकारले स्थानिय तहलाई कूल लागतको अधिकतम ५० प्रतिशत समपुरक अनुदान प्रदान गर्न सक्ने उल्लेख छ।गाउँपालिकाले संघीय समपुरक अनुदान अन्तर्गत सञ्चालित देहायवमोजिम योजनाको कार्यविधिमा उल्लेख भए (५० प्रतिशत लागत साझेदारी) भन्दा वढि रु.१८,५०,४११।- संघीय समपुरक अनुदानवाट खर्च लेखेको पाईयो।कार्यविधि विपरित ५० प्रतिशत भन्दा वढि खर्च लेखेको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रू.

योजनाको नाम	यस वर्ष भुक्तानी	संघीय समपुरक अनुदान भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	वढि रकम रु.
खप्तडछान्ना सडक सुधार (हालसम्म भुक्तानी डिपिआर समेत)	६४८६१४३	३२४३०७१	३८९९७५८	६५६५८६
गाउँपालिका प्रशासनिक भवन तला थप	२१८२१६०२	१०९१०८०१	१२१०४६२६	११९३८२५
जम्मा				१८५०४११
			प्रमाण पेश नगरेको	१८,५०,४११

५४ **राहत सामाग्रीः**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन। पालिकाले विपत ब्यवस्थापन तथा राहत उद्धार कार्यक्रम अन्तर्गत भौ.नं.३२-२०८०।११।८ वाट ब्ल्याङ्केट,पि.पर्म र त्रिपाल क्रमशः १००,५०० र २५० थान खरिद गरेकोमा लेखापरीक्षणको क्रममा ९७ जनालाई क्रमश ११,९ र ९९ थान वितरण गरेको भर्पाई

पेश भएको छ। खरिद भएका सामाग्री देहाय वमोजिमको वाँकी रहेको छ।वितरित सामाग्री वास्तविक पिडितले नै प्राप्त गरेको सुनिश्चितता गरिनुपर्दछ।साथै निम्मानुसार मौज्दात सामाग्री लाभग्राहीलाई वितरण गरिनुपर्दछ।

क्र.सं.	विवरण	परिमाण	दर	रकम रु.
१	ब्याल्याङ्केट	८९	२३३९.९९	२०८२५९
२	पि.पर्म	४९१	१९४.९९	९५७४०
३	त्रिपाल	१५१	२०७९.९९	३१४०७८
	जम्मा			६१८०७७

५५ **योजनाको अभिलेख तथा हस्तान्तरणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले निर्माण कार्य सम्पन्न गरेपछी सोको अभिलेख राखी रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी उपभोक्ता समितिलाइ हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । गाउँपलिकाले यस वर्ष १५७ योजना उपभोक्ता समिति वा लाभग्राही समूदाय मार्फत गराएकोमा आयोजनाको अभिलेख राखी मर्मत सम्भारको जिम्मेवारी सहित उपभोक्ता समितिलाइ हस्तान्तरण गरेको पाइएन । अतः नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

५६ **वढि भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र प्रचलित जिल्ला दररेटको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।साथै सडक विभागको सडक तथा पुल निर्माण कार्यको दर विष्लेषण नर्म्स २०७५ को ८.२ र ८.५ मा ढुङ्गा संकलन र गिट्टि कुट्ने कार्यको नर्म्स दिएको छ। पालिकाले पि.सि.सि. तथा आर.सि.सि. गर्ने कार्यको लागी चाहिने गिट्टी स्थानिय स्तरमा ४० एम.एम.डाउन रोडा गिट्टी हातले कुटेको प्रयोग हुने अवस्थामा क्रसरद्धारा टुक्र्याईएको फरक फरक साईजको दर राखी लागत अनुमान तयार गर्दा देहायका योजनामा उपभोक्ता समितीलाई वढि भुक्तानी गरेको पाईयो ।स्थानिय स्तरमा उपलब्ध नहुने सामाग्रीको दर राखी लागत अनुमान तयार गर्ने प्राविधिकलाई जिम्मेवार वनाई वढि भुक्तानी रु.३६,६८१।-असुल गर्नुपर्ने रू.

योजनाको नाम	एम २० परिमाण	एम १५ परिमाण	राखेको दर	४० एम एम डाउन गिट्टी राख्दा हुने दर	फरक	जम्मा
मानमुडा गडराय टोल देखि नैध्या काडातोला पदमार्ग निर्माण उपभोक्ता समिती	११.७		२२६०७.६	२१३११.६	१२९६	१५१६३
		४.०४	१७४२९.५९	१६९३४.५९	४९५	२०००
गढिगाउँ मस्टा पदमार्ग तथा पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिती		२०.०५	१७३०७.४७	१६६११.४७	६९५	१३९३५
ढुङ्गखेत ढुङ्गेधारा र मन्दिर निर्माण उपभोक्ता समिती		४.७८	१५३०५	१४९०९.९३	३९५.०७	१८८८
दुर्गा मन्दीर शौचालय निर्माण उपभोक्ता समिती	५.०५		२२१९०	२१४५९.७७	७३०.२३	३६९५
जम्मा						३६६८१

असुल गर्नुपर्ने	३६,६८१

५७ **गणेशमानसिह स्मृती भवन ब्यवस्थापन अनुदानः**

सार्वजनिका खर्चमा मितब्ययिता कार्यम गर्ने सम्वन्धी मापदण्ड २०७७ मा सार्वजिक खर्चलाई मितब्ययी र नतिजामूखी वनाउन सार्वजिनक श्रोतको समुचित प्रयोग गर्नुपर्ने उल्लेख छ। गाउँपालिकाले गणेशमानसिह स्मृती भवन ब्यवस्थापन अन्तर्गत फर्निचर,स्टेशनरी,कार्यालय सामान खरिद कार्यको लागी कार्यक्रम स्वीकृत गरी गौ.भौ.नं.७०-२०८०।१२।३० वाट रु.४८०,०००।–

भुक्तानी खर्च लेखेको छ।स्थानिय सरकार सञ्चालन ऐन २०७४ भएको ब्यवस्थालाई पालना नगरी कार्यक्रम स्वीकृत गरी राजनैतिक दलको संस्थालाई ब्यवस्थापन खर्च भुक्तानी दिनु उचित देखिएन। ऐनसग वाझिने गरी कार्यक्रम कार्यान्वयन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५८ **उपभोक्ता मार्फत डोजरको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७**(९)** अनुसार उपभोक्ता समितिवाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्जाभेटर, रोलर, डोजर जस्ता हेभी मेशिनहरु प्रयोग गर्न नसकिने तथा लागत अनुमानमा समावेश भएकोमा सम्वन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायको सहमती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने ब्यवस्था छ। देहाय वमोजिम सडक कटिङ्गको कार्य उपभोक्ता समितीवाट गराएकोमा एक्जाभेटरको प्रयोग गर्दा नियमावलीमा उल्लेख भए वमोजिम पालिकाको सहमती लिएको पाईएन। नियमावलीमा भएको ब्यवस्थाको पालना गर्नेतर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ। एक्जाभेटरको प्रयोग गरी उपभोक्ता समितीवाट कार्य गराएको उदाहरण निम्न छन्

योजनाको नाम	भुक्तानी रकम	कैफियत
पोखरी देखि गाँडावाज सडक निर्माण	१६२६५९७	एक्जाभेटरको प्रयोग गरी सडक कटिङ्गको कार्य
मोरायल मोतिपुर देखि दंगाजी सडक निर्माण कार्य	१४११२००	एक्जाभेटरको प्रयोग गरी सडक कटिङ्गको कार्य
काफलकाँडा देखि वर्थीङ्ग सेन्टर सम्म सडक निर्माण	३८३०५४	एक्जाभेटरको प्रयोग गरी सडक कटिङ्गको कार्य

५९ **स्थलगत निरिक्षणः**

स्थलगत निरिक्षणः कार्यालयले यस वर्ष सञ्चालन गरेका योजनाहरुको वर्षात,पहिरो तथा सवारी साधनको अभावको कारण स्थलगत अनुगमन गर्न सकिएको छैन।कार्यालयले पेश गरेको श्रेस्ता कागजात प्राविधिक मूल्याङ्कनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

६० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ मा पालिकाले सम्पत्ति कर, मालपोत कर, घर जग्गा बहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, जडीबुटी, कवाडी र जीवजन्तु कर, सेवा शुल्क लगायतका कर तथा शुल्क लगाउन पाउने व्यवस्था छ । पालिकाले ऐनले दिएको अधिकार प्रयोग गरी सम्भावित सबै क्षेत्रबाट कर संकलन नगरेकोले आन्तरिक आय अत्यन्तै न्यून रहेको पाइयो । करका क्षेत्र र दायरा पहिचान गरी राजस्व संकलन मार्फत आन्तरिक आय अभिवृद्दि गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

६१ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाले नगदी रसिद छपाई गरी वडा कार्यालयहरूमा पठाएकोमा छपाई गरेका प्रयोग रसिद र बाँकी रसिद फिर्ता लिई अभिलेख अद्यावधिक गरेको छैन । कार्यालयमा रहेको रसिदहरुको नमुना परीक्षण गर्दा कुनै ठेलीमा रसिद नं. नभएको र सोमा पनि रसिद कट्टा गरेको, दोहोरो पर्ने गरी छपाई गरेको जस्तै ठेली नं. १५ सि.नं. १७०१-१८०० र ठेली नं. १- सि.नं. १७०१-१८०० वडा ५ , वडा नं. १ को ठेली नं. २- सि.नं. ३५०१ काटेको रसिद नभेटिएको, सुरु पेज देखी रसिद काट्ने नगरेको, जस्तै ठेली नं. १४- सि.नं. २९०१-३००० वडा ५ लगायतका विषय र वडा नं. २ को गत ३ आ.व. देखि मालपोत संकलन नभएको पाइएकोले यि विषयमा तहाँ पालिकाबाट यकिन गर्नुपर्दछ । कार्यालयबाट सवै वडाहरुमा स्वचालित प्रणाली जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ ध्यान जानुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन गर्न विशेष ध्यान दिनुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : खप्तडछान्ना गाउँपालिका, बझाङ , खप्तड छन्न गाउँपालिका , बझाङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	बीर बहादुर नेपाली	२०७९-१०-१२	हाल सम्म कार्यरत
लेखा प्रमुख	मदन राज जोशी	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
३,२८१,४६९	१०,५७४,०६७	४,०३५,३५०	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१७,८९०,८८६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	११,९००
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१७,८७८,९८६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०७८१७३६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२२६७७६४०	चालु खर्च	३१०८३५५४१
प्रदेश सरकारबाट अनुदान	३३८०८०००	पूँजीगत खर्च	९४०१७८५०
राजश्व बाँडफाँट	६७४६३१९०	वित्तीय/अन्य व्यवस्था	१५७७९७१७७
आन्तरिक आय	६०९३३७.०		
अन्य आय	१३६००६९६४		
कुल आय	५६०५६५१३१	कुल खर्च	५६२६५०५६८
बाँकी मौज्दात		८६९६२९९.०	

बेरूजु दफा ४९.३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

Price Adjustment Calculation											
Project :-Construction of 10 Bedded Primary Hospital at Khaptadchhanna Rural Municipality											
Contract No: KCRM/HBCW/01/2078/079				CPA CALCULTAION SHEET							
Contractor: ROYAL-PS JV,DHANGADHI,KAILALI											
30th Day Prior to Last Date of Bid Submission :				23-Jan-2022	2078-10-09	Date of publication: 23-01-2022					
	Non Adjustable	Labour	Materials	Equipment Usage							
	(A)	(b)	(c)	(d)							
	0.15	0.1	0.65	0.1							
	Base Cost Indices	Labour(Lo)	Material(Mo)	Equipment(Eo)	Remarks				Pn= A+b*Ln/L0+c*Mn/M0+d*En/E0		
		526.90	127.50	122.90							
Bill No	Bill Payment Date	30 days prior to payment		Bill Amount Excluding Provisional Sum,VAT,Mobilization AND Variation		Current Cost Indices		Price Adjustment Factor	Amount after Price Adjustment	Price Adjustment Amount	Remarks
					Labour(Ln)	Material(Mn)	Equipment(En)	(Pn)			
1st	2080-02-10	2080-01-10	23-Apr-2023	3,317,285.13	582.08	145.09	133.03	1.1083	3,676,547.11	359,261.98	
2nd	2080-03-14	2080-02-14	29-May-2023	26,312,497.57	587.12	141.61	133.03	1.0916	28,722,722.35	2,410,224.78	
3rd	2081-01-05	2080-12-05	18-Mar-2024	19,138,683.32	592.29	135.13	136.46	1.0623	20,331,023.29	1,192,339.97	
									Total	3,961,826.73	
									Paid From Previous Bill		
									To be Paid Amount	3,961,826.73	
									VAT@13%	515,037.47	
									Total with VAT	4,476,864.20	

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।